# नेपाल राजपत्र

## भाग २

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड २४] काठमाडौं, असोज २० गते २०३१ साल [अतिरिक्ताङ्क २८

श्री ५ को सरकार

### कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छः–

२०३१ सालको ऐन नं. ८

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवन प्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् । ३६३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## राजपरिवारको खर्चसम्बन्धी व्यवस्था गर्न बनेको ऐन

प्रस्तावनाः– सार्वभौमसत्ता सम्पन्न स्वतन्त्र नेपाल अधिराज्यको पवित्र राजगद्दीमा राजहोइबक्सेका सार्वभौमसत्ता, सर्वशक्ति एवं अधिकारका एक मात्र स्रोत श्री ५ महाराजाधिराज र श्री ५ बडामहारानी, श्री ५ युवराजाधिराज तथा राजपरिवारका अन्य सदस्यहरूका यथोचित सम्मान एवं प्रतिष्ठाको निमित्त केही नियमित खर्चको समेत स्पष्ट व्यवस्था गर्न आवश्यक भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ।

### परिच्छेद–१
### प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः– (१) यस ऐनको नाम "राजपरिवार खर्च व्यवस्था ऐन, २०३१" रहेको छ।

(२) यो ऐन २०३१ साल श्रावण १ गतेदेखि प्रारम्भ भएको मानिनेछ।

२. परिभाषाः– विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा–

(क) "श्री ५" भन्नाले गद्दीनसीन श्री ५ महाराजाधिराजलाई सम्झनु पर्दछ।

(ख) "श्री ५ युवराजाधिराज" भन्नाले राजगद्दी उत्तराधिकारसम्बन्धी कानून बमोजिम घोषित श्री ५ युवराजाधिराजलाई सम्झनु पर्दछ।

(ग) "राजपरिवार" भन्नाले समय समयमा नेपाल अधिराज्यको राजगद्दीमा राजहोइबक्सेको श्री ५ महाराजाधिराजका विवाहिता पट्टीका पुरूषतर्फका सन्तानमा मौसूफ सहित चार पुस्तासम्मका सदस्यलाई सम्झनु पर्दछ र मौसूफ सदस्यहरूका विवाहिता महारानीहरूलाई समेत जनाउँछ।

### परिच्छेद–२
### राजपरिवारका निमित्त वार्षिक दाखिला

३. श्री ५ का हजूरमा हुने दाखिलाः– (१) श्री ५ का हजूरमा प्रत्येक आर्थिक वर्षमा छत्तीस-लाख रूपैयाँ र नेपाली डबल असर्फी पच्चीस र पतला असर्फी पच्चीस राजगद्दी कोषमा दाखिल गरिनेछ।

(२) तत्काल गद्दीनसीन श्री ५ को स्वर्गवास भएको तीन महीनासम्म मौसूफका परिवारको खर्चको निमित्त उप-दफा (१) बमोजिमका दरले रकम दाखिल गरिनेछ।

४. श्री ५ बडामहारानीका हजूरमा हुने दाखिलाः– श्री ५ बडामहारानीका हजूरमा प्रत्येक आर्थिक वर्षमा दुई लाख पचास हजार रूपैयाँ दाखिल गरिनेछ।

३६८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

५. श्री ५ युवराजाधिराजका हजूरमा हुने दाखिलाः– श्री ५ युवराजाधिराजका हजूरमा प्रत्येक आर्थिक वर्षमा देहायबमोजिमको रकम दाखिल गरिनेछ–

(क) मौसूफको विवाह हुनुभन्दा अघि तीन लाख रूपैयाँ।

(ख) मौसूफको विवाह भएपछि चार लाख रूपैयाँ।

६. श्री ५ का पूर्वज समय समयमा नेपालको राजगद्दीमा राजहोइबक्सेका स्वर्गवासी श्री ५ महाराजाधिराजहरूका श्री ५ बडामहारानीहरूका हजूरमा हुने दाखिलाः– श्री ५ का पूर्वज समय समयमा नेपालको राजगद्दीमा राजहोइबक्सेका स्वर्गवासी श्री ५ महाराजाधिराजहरूका श्री ५ बडामहारानीहरू प्रत्येकका हजूरमा प्रत्येक आर्थिक वर्षमा तीन लाख रूपैयाँका दरले दाखिल गरिनेछ।

७. श्री ५ युवराज्ञीका हजूरमा हुने दाखिलाः– (१) श्री ५ युवराज्ञीका हजूरमा प्रत्येक आर्थिक वर्षमा दुई लाख रूपैयाँ दाखिल गरिनेछ।

(२) श्री ५ युवराजाधिराजका जीवनकालपछि जीवित रहिबक्सेका श्री ५ युवराज्ञीका जीवनकालसम्म मौसूफका हजूरमा उप-दफा (१) बमोजिमका दरले दाखिल गरिनेछ।

८. श्री ५ नवयुवराजका हजूरमा हुने दाखिलाः– श्री ५ युवराजाधिराजका छोरा राजगद्दी उत्तराधिकारी श्री ५ नवयुवराजका हजूरमा देहायबमोजिम दाखिल गरिनेछ–

(क) मौसूफको उमेर २१ वर्ष नपुगेसम्म पचास हजार रूपैयाँ।

(ख) मौसूफको उमेर २१ वर्ष पुगेपछि पचहत्तर हजार रूपैयाँ।

(ग) मौसूफको विवाह भएपछि एक लाख रूपैयाँ।

९. श्री ५ नवयुवरानीका हजूरमा हुने दाखिलाः– (१) श्री ५ नवयुवरानीका हजूरमा प्रत्येक आर्थिक वर्षमा पचास हजार रूपैयाँ दाखिल गरिनेछ।

(२) श्री ५ नवयुवराजका जीवनकालपछि जीवित रहिबक्सेका श्री ५ नवयुवरानीका जीवनकालसम्म मौसूफका हजूरमा उप-दफा (१) बमोजिमका दरले दाखिल गरिनेछ।

१०. श्री ५ का छोरा श्री ५ अधिराजकुमार, छोरी श्री ५ अधिराजकुमारी तथा विवाहिता छोरा बुहारी श्री ५ अधिराजकुमारीहरूमा हुने दाखिलाः–

(१) श्री ५ का प्रत्येक छोरा श्री ५ अधिराजकुमारहरूका हजूरमा प्रत्येक आर्थिक वर्षमा देहायबमोजिमको रकम दाखिल गरिनेछ–

(क) मौसूफहरू प्रत्येकको उमेर २१ वर्ष नपुगेसम्म एक लाख रूपैयाँ।

(ख) मौसूफहरू प्रत्येकको उमेर २१ वर्ष पुगेपछि एक लाख पचास हजार रूपैयाँ।

(ग) मौसूफहरू प्रत्येकको विवाह भएपछि दुई लाख पच्चीस हजार रूपैयाँ।

३६५

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) कुनै श्री ५ अधिराजकुमारका जीवनकालपछि जीवित रहिबक्सेका मौसूफका विवाहिता श्री ५ अधिराजकुमारीका हजूरमा प्रत्येक आर्थिक वर्षमा एक लाख रूपैयाँ दाखिल गरिनेछ।

(३) श्री ५ अधिराजकुमारका विवाहिता पत्नीका छोरा श्री ५ शाहज्यादा र छोरी श्री ५ शाहज्यादीहरू प्रत्येकका हजूरमा देहायबमोजिम प्रत्येक आर्थिक वर्षमा दाखिल गरिनेछ–

(क) प्रत्येक श्री ५ शाहज्यादाका हजूरमा चौबीस हजार रूपैयाँ।

(ख) प्रत्येक श्री ५ शाहज्यादीका हजूरमा बाह्र हजार रूपैयाँ।

(४) कुनै श्री ५ शाहज्यादाको जीवनकालपछि जीवित रहिबक्सेका मौसूफका विवाहिता श्री ५ शाहज्यादीका हजूरमा प्रत्येक आर्थिक वर्षमा बाह्र हजार रूपैयाँ दाखिल गरिनेछ।

(५) श्री ५ का प्रत्येक छोरी श्री ५ अधिराजकुमारीका हजूरमा प्रत्येक आर्थिक वर्षमा छत्तीस हजार रूपैयाँ दाखिल गरिनेछ।

११. श्री ५ युवराजाधिराजका अन्य छोरा श्री ५ युवराजकुमार तथा छोरी श्री ५ युवराजकुमारीहरूका हजूरमा हुने दाखिलाः– (१) श्री ५ युवराजाधिराजका प्रत्येक छोरा श्री ५ युवराजकुमारको जीवनकालसम्म मौसूफहरू प्रत्येकका हजूरमा प्रत्येक आर्थिक वर्षमा देहायबमोजिम रकम दाखिल गरिनेछ–

(क) मौसूफ प्रत्येकको उमेर २१ वर्ष नपुगेसम्म पच्चीस हजार रूपैयाँ।

(ख) मौसूफ प्रत्येकको उमेर २१ वर्ष पुगेपछि सैंतीस हजार पाँच सय रूपैयाँ।

(ग) मौसूफ प्रत्येकको विवाह भएपछि पचास हजार रूपैयाँ।

(२) कुनै श्री ५ युवराजकुमारका जीवनकालपछि जीवित रहिबक्सेका विवाहिता श्री ५ युवराजकुमारीका हजूरमा प्रत्येक आर्थिक वर्षमा पच्चीस हजार रूपैयाँ दाखिल गरिनेछ।

(३) श्री ५ युवराजाधिराजका छोरी श्री ५ युवराजकुमारी प्रत्येकका जीवनकालसम्म मौसूफका हजूरमा प्रत्येक आर्थिक वर्षमा चौबीस हजार रूपैयाँ दाखिल गरिनेछ।

१२. श्री ५ का पूर्वज समय समयमा नेपालको राजगद्दीमा राजहोइबक्सेका स्वर्गवासी श्री ५ महाराजाधिराजहरूका छोरा, छोरा बुहारी, छोरी र छोरातर्फका नाति तथा नातिनीहरूमा हुने दाखिलाः– श्री ५ का पूर्वज समय समयमा नेपालको राजगद्दीमा राजहोइबक्सेका स्वर्गवासी श्री ५ महाराजाधिराजहरूका छोरा श्री ५ अधिराजकुमार, छोरा बुहारी श्री ५ अधिराजकुमारी, छोरी श्री ५ अधिराजकुमारी र छोरातर्फका नाति श्री ५ शाहज्यादा, नातिनी बुहारी श्री ५ शाहज्यादी तथा नातिनी श्री ५ शाहज्यादी प्रत्येकका हजूरमा प्रत्येक आर्थिक वर्षमा दफा १० बमोजिम नै दाखिल गरिनेछ।

३६५ आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१३. श्री ५ का अविवाहिता छोरी श्री ५ अधिराजकुमारी तथा श्री ५ का पूर्वज समय समयमा नेपालको राजगद्दीमा राजहोइबक्सेका स्वर्गवासी श्री ५ महाराजाधिराजहरूका अविवाहिता छोरी श्री ५ अधिराजकुमारीहरूमा हुने दाखिलाः– श्री ५ का कुनै छोरी श्री ५ अधिराजकुमारी वा श्री ५ का पूर्वज समय समयमा नेपालको राजगद्दीमा राजहोइबक्सेका स्वर्गवासी श्री ५ महाराजाधिराजहरूका कुनै छोरी श्री ५ अधिराजकुमारी अविवाहिता रहिबक्सी मौसूफको उमेर ३५ वर्ष नाघेको रहेछ भने यस ऐनको दफा १० र १२ बमोजिम दाखिला नगरी अविवाहिता रहिबक्सेसम्म मौसूफ प्रत्येकका हजूरमा प्रत्येक आर्थिक वर्षमा एक लाख रूपैयाँ दाखिल गरिनेछ ।

## परिच्छेद–३
## राजदरबार प्रशासन तथा शाही विमान विभागको निम्ति वार्षिक दाखिला

१४. राजदरबार प्रशासनको खर्चः– राजदरबारका अधिकृत र कर्मचारीहरूको पारिश्रमिक भत्ता र प्रशासन कार्य समेतका निमित्त प्रत्येक आर्थिक वर्षमा अठार लाख रूपैयाँ श्री ५ का राजदरबार कोषमा दाखिल गरिनेछ ।

१५. शाही विमान विभागको खर्चः– श्री ५ का शाही विमान विभागको खर्चको निमित्त प्रत्येक आर्थिक वर्षमा अठार लाख रूपैयाँ शाही विमान विभागको कोषमा दाखिल गरिनेछ ।

## परिच्छेद–४
## विविध

१६. विशेष खर्चः– यस ऐनमा माथि दफा दफाहरूमा उल्लेख गरिएका खर्चका अतिरिक्त देहायका खर्चहरू काम, अवस्था तथा आवश्यकता अनुसार विचार गरी श्री ५ को सरकारको साधारण बजेटबाट व्यहोरिनेछ–

(क) श्री ५ युवराजाधिराज तथा श्री ५ का अन्य छोरा श्री ५ अधिराजकुमारहरूका निमित्त एक पटक जग्गा खरीद गर्न र भवन निर्माण गर्न आवश्यक पर्ने खर्चहरू ।

(ख) दैवी, आकस्मिक दुर्घटना, औषधी उपचार तथा राजपरिवारका सदस्यले गर्नु पर्ने कार्यको सिलसिलामा समय समयमा भइपरी आउने खर्चहरू ।

(ग) शाही परम्परा अनुसार चलिआएको राजपरिवारको जन्मदेखि मरण तथा वार्षिक पर्यन्तसम्मको धार्मिक र सांस्कारिक कर्महरूका निमित्त विशेष खर्च ।

१७. दाखिल गर्ने विधिः– माथि दफा दफामा दाखिल गरिनेछ भनी लेखिएबमोजिमको रकम दाखिल गर्दा पेश्की गरी देहायबमोजिम दाखिल गरिनेछ–

(क) दफा १४ मा लेखिएको रकम चार किस्तामा,

(ख) दफा १६ मा लेखिएको रकम आवश्यकता अनुसार र

(ग) अरू दफामा लेखिएको रकम हरेक आर्थिक वर्षको प्रारम्भमा एकै मुष्ठ दाखिल गरिनेछ ।

356

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१८. खर्चमा हेरफेरः– (१) यस ऐनमा व्यवस्था गरिएको खर्चहरूमा कुनै समयमा हेरफेर वा बढाउन आवश्यक छ भनी श्री ५ बाट सम्झिबक्सेमा सो विषय प्रधान मन्त्री, राष्ट्रिय पञ्चायतका अध्यक्ष, राजसभा स्थायी समितिका सभापति, अर्थ मन्त्री वा अर्थ राज्यमन्त्री, श्री ५ का प्रमुख स्वकीय सचिव वा स्वकीय सचिव र राष्ट्रिय पञ्चायतको आर्थिक समितिका सभापति समेत भएको समितिमा पठाइनेछ ।

(२) उप-दफा (१) बमोजिमको समितिले सो विषयमा जाँचबुझ गरी आफ्नो प्रतिवेदन श्री ५ का हजूरमा पेश गर्नेछ ।

(३) उप-दफा (२) बमोजिम प्रतिवेदन पेश भएपछि समितिको सिफारिशबमोजिम यस ऐनमा लेखिएको कुनै खर्चको रकम बढाउन आवश्यक छ भनी श्री ५ बाट ठहऱ्याई बक्सेमा सोबमोजिम रकम बढाउन मौसूफबाट आदेश गरिबक्सनेछ र सो आदेश नेपाल राजपत्रमा प्रकाशित हुनेछ र यसै ऐनमा परे सरह लागू हुनेछ ।

(४) यस दफामा जेसुकै लेखिए तापनि श्री ५ को सरकारको कर्मचारीहरूको पारिश्रमिक भत्ता समय समयमा वृद्धि हुँदा सोही अनुपातमा राजदरबारका कर्मचारीहरूको पनि स्वतः वृद्धि हुनेछ । त्यस्तो वृद्धिलाई चाहिने आवश्यक रकम दफा १४ बमोजिम दाखिल हुने रकममा पनि स्वतः वृद्धि हुँदै जानेछ ।

१९. घटाउन वा नदिन सकिने व्यवस्थाः– यस ऐनको दफा ३, ४, ५, ६, ७, ८, ९, १०, ११, १२ र १३ हरूमा जेसुकै लेखिए तापनि श्री ५ बाट ती दफाहरूमा व्यवस्था गरिएमध्ये सबै वा केही रकम सँधै वा केही समयका लागि घटाउन वा दाखिल नगर्न समेत हुकुमबक्सन सकिबक्सनेछ ।

२०. प्रतिबन्धः– यस ऐनमा लेखिए बाहेक कुनै व्यक्तिले राजपरिवारको सदस्य वा श्री ५ का वंशज भन्ने आधारमा मात्र संचित कोषबाट कुनै निवृत्तिभरण वा भत्ता पाउने अधिकार हुने छैन ।

२१. हिसाब र जाँचः– (१) यस ऐनमा व्यवस्था गरिएका रकम मध्येबाट भएको खर्चको हिसाब श्री ५ बाट सो कामको निमित्त नियुक्ति गरिबक्सेको अधिकृतले राख्नेछ ।

(२) उप-दफा (१) बमोजिम राखिएको हिसाब महालेखा परीक्षकले जिम्मावारी हेरी त्यसको प्रतिवेदन श्री ५ का हजूरमा पेश गर्नेछ ।

२२. नेपालको सञ्चित कोषमाथि व्ययभार हुनेः– यो ऐनको दफा १६ बाहेक अन्य दफाहरूद्वारा अधिकृत गरिएका रकम सञ्चित कोषमाथि व्ययभार हुनेछ ।

२३. बाधा अड्काउ फुकाउने अधिकारः– यो ऐन कार्यान्वयन गर्दा कुनै बाधा अड्काउ पर्न आएमा श्री ५ बाट आवश्यक आदेश जारी गर्न सकिबक्सनेछ र त्यस्तो आदेश यसै ऐनमा परे सरह लागू हुनेछ ।

२४. खारेजीः– राजपरिवार खर्चको व्यवस्था ऐन, २०२४ खारेज गरिएको छ ।

लालमोहर सदर मितिः– २०३१।६।२०।१

आज्ञाले–
त्रिभुवनप्रताप राणा
श्री ५ को सरकारको निमित्त सचिव

३६८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ को सरकार

## कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेववाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छः–

२०३१ सालको ऐन नं. ६

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रवल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।

### केही सार्वजनिक (अपराध र सजाय) ऐनलाई संशोधन गर्न बनेको ऐन

प्रस्तावनाः– केही सार्वजनिक (अपराध र सजाय) ऐन, २०२७ (यसपछि "मूल ऐन" भनिएको) लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेववाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः– (१) यस ऐनको नाम "केही सार्वजनिक (अपराध र सजाय) (पहिलो संशोधन) ऐन, २०३१" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. मूल ऐनको दफा २ मा संशोधनः– मूल ऐनको दफा २ को खण्ड (छ) पछि देहायको खण्ड (ज), (झ), र (ञ) थपिएको छः–

(ज) सार्वजनिक स्थानमा जथाभावी व्यवहार गर्ने,

(झ) कसैलाई हैरानी गर्ने वा सताउने हेतुले कहीं बसिरहेको अवस्थामा वा बाटोघाटोमा हिंडीरहेको वा कुनै सवारीबाट गइरहेको अवस्थामा कुनै प्रकारले बाधा विरोध वा छेक थुन (घेराउ) गर्ने वा हुल हुज्जत, हातपात, कुटपिट बिजाई वा उपद्रयाई गर्ने वा त्यस्तो व्यक्तिको साथमा भएको कुनै सम्पत्ति खोसी लिने वा नोक्सान गर्ने वा सवारीको साधनमा नोक्सान पुर्‍याउने,

३६४

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ञ) कसैलाई डर, त्रास वा दुःख दिने, अपमान वा बेइज्जत गर्ने वा हैरानी गन हेतुले टेलिफोन, चिट्ठीपत्र वा अन्य कुनै साधन वा माध्यमद्वारा धम्की वा गाली दिने वा जिस्क्याउने वा अन्य कुनै अनुचित काम कुरा गर्ने।

३. मूल ऐनको दफा ४ मा संशोधनः– मूल ऐनको दफा ४ को सट्टा देहायको दफा ४ राखिएको छः–

४. मुद्दा दायर गर्ने हद म्याद– (१) यस ऐन अन्तर्गतको मुद्दा वारदात भएको सात दिनभित्र दायर गरी सक्नुपर्छ।

(२) उप–दफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि अन्यायमा पर्ने कुनै व्यक्तिले यस ऐन अन्तर्गतको मुद्दाको कारवाई चलाउन चाहेमा बाटाका म्यादबाहेक वारदात भएको ७ दिनभित्र प्रहरीमा उजूर गर्नुपर्छ। त्यस्तोमा उजूर परेको मितिले उप–दफा (१) बमोजिम म्याद प्रारम्भ हुनेछ।

तर, वारदात भएको सात दिनभित्र मुद्दा दायर गर्न नसकिने मनासिब माफिकको कारण देखेमा मुद्दा हेर्ने अधिकारीले वारदात भएको पैंतीस दिनभित्र मुद्दा दायर गर्ने गरी म्याद थप गरी दिन सक्नेछ।

४. मूल ऐनको दफा ५ मा संशोधनः– मूल ऐनको दफा ५ को सट्टा देहायको दफा ५ राखिएको छः–

५. मुद्दा हेर्ने अधिकारी र कार्यविधिः– (१) यस ऐन अन्तर्गतको मुद्दामा शुरू कारवाई र किनारा गर्ने अधिकार प्रमुख जिल्ला अधिकारीलाई हुनेछ।

(२) यस ऐन अन्तर्गतको मुद्दामा प्रमुख जिल्ला अधिकारीले नेपाल विशेष अदालत ऐन, २०३१ बमोजिमको कार्यविधि अपनाउनेछ।

(३) उप–दफा (१) बमोजिम प्रमुख जिल्ला अधिकारीले गरेको निर्णय उपर अञ्चल अदालतमा पुनरावेदन लाग्नेछ।

५. मूल ऐनको दफा ६ मा संशोधनः– मूल ऐनको दफा ६ को सट्टा देहायको दफा ६ राखिएको छः–

६. दण्ड सजायः– (१) दफा २ को खण्ड (क) देखि (ञ) अन्तर्गतको कुनै कसूर गर्ने व्यक्तिलाई पहिलो पटक पाँच महीनासम्म कैद वा पाँच सय रूपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ। सोही कसूर फेरी गरेमा दोस्रो पटकदेखि पटकै पिच्छे एक वर्षसम्म कैद वा एक हजार रूपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ।

(२) मुद्दा हेर्ने अधिकारीले पहिलो पटकको कसूर भए कसूर हेरी उप-दफा (१) बमोजिम सजाय नगरी कसूरदारलाई अब उप्रान्त यस्तो कसूर गर्ने छैन भन्ने कागज गराई छाड्न सक्नेछ।

लालमोहर सदर मितिः– २०३१।६।२०।१

आज्ञाले–
विभुवनप्रताप राणा
श्री ५ को सरकारको निमित्त सचिव

३६०

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ को सरकार

## कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ:–

२०३१ सालको ऐन नं.१०

**स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।**

### मदिराको नियन्त्रण गर्न बनेको ऐन

प्रस्तावना:– सर्वसाधारण जनताको सदाचार, स्वास्थ्य, सुविधा तथा आर्थिक हित कायम राख्नको लागि मदिराको उत्पादन, बिक्री–वितरण र निकासी–पैठारी समेतमा नियन्त्रण गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ।

१. संक्षिप्त नाम, विस्तार र प्रारम्भ:– (१) यस ऐनको नाम "मदिरा ऐन, २०३१" रहेको छ।

(२) यो ऐन नेपाल अधिराज्यभर लागू हुनेछ ।

(३) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. परिभाषा:– विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा–

(क) "मदिरा" भन्नाले फलफूल, अन्न वा कुनै पदार्थ कुहाई वा अन्य कुनै तरीकाले तयार गरिने सबै किसिमको रक्सी सम्झनु पर्छ र सो शब्दले जाँड, बियर, ताडी रक्सी तयार गर्ने महुवा र रेक्टीफाइड स्प्रिटलाई समेत जनाउँछ ।

३६९

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) "उत्पादन" भन्नाले रक्सी तैयार गर्नको लागि फलफूल, अन्न वा अन्य कुनै पदार्थलाई कुहाउने, पकाउने वा त्यसमा रक्सीको बास्ना वा स्वाद आउने गरी कुनै कुराको सम्मिश्रण गर्ने सबै वा कुनै विधि वा कार्यलाई सम्झनु पर्छ।

(ग) "अनुमतिपत्र" भन्नाले ठेक्काको सम्बन्धमा दिइने पट्टा, कबुलियतलाई समेत जनाउँछ।

(घ) "तोकिएको वा तोकिएबमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेका नियममा तोकिएको वा तोकिएबमोजिम सम्झनु पर्छ।

३. मदिराको उत्पादनमा नियन्त्रणः— कुनै व्यक्तिले अनुमतिपत्र बेगर र अनुमतिपत्र पाएकोले पनि अनुमतिपत्रमा तोकिएको शर्तबमोजिम बाहेक मदिराको उत्पादन गर्न पाउने छैन।

४. मदिराको बिक्री-वितरणमा नियन्त्रणः— कुनै व्यक्तिले अनुमतिपत्र बेगर र अनुमतिपत्र पाएकोले पनि अनुमतिपत्रमा तोकिएको शर्तबमोजिम बाहेक मदिरा बिक्री, वितरण गर्न वा मदिरा खुवाउने बार, रेष्टुरेण्ट वा पसल थाप्न पाउने छैन।

५. मदिराको निकासी पैठारीमा नियन्त्रणः— कुनै व्यक्तिले अनुमतिपत्र बेगर र अनुमतिपत्र पाएकोले पनि अनुमतिपत्रमा तोकिएको शर्तबमोजिम बाहेक मदिराको निकासी वा पैठारी गर्न पाउने छैन।

६. अनुमतिपत्र दिने अधिकारी, अनुमतिपत्रको ढाँचा, शर्त, दस्तुर आदिः— यस ऐन अन्तर्गत दिइने अनुमतिपत्रको ढाँचा र शर्त, अनुमतिपत्र दिने तरीका, अनुमतिपत्र दिने अधिकारी, अनुमतिपत्रको निमित्त लाग्ने दस्तुर र अनुमतिपत्रसम्बन्धी अन्य कुरा तोकिएबमोजिम हुनेछ।

७. लागू नहुने अवस्थाः— यस ऐनका अन्य दफाहरूमा जुनसुकै कुरा लेखिएको भए तापनि निजी उपयोगको निमित्त तोकिएको परिमाणमा रक्सी वा जाँड बनाउन यस ऐन अन्तर्गत अनुमतिपत्र लिनु पर्ने छैन।

८. वारेण्ट जारी गर्ने अधिकारः— यस ऐन अन्तर्गत सजाय हुने अपराध कसैले गरेको छ वा गर्न लागेको छ भन्ने विश्वास पर्ने कारण भएमा त्यस्तो व्यक्तिको गिरफ्तारीको निमित्त अन्तःशुल्क अधिकारीले वारेण्ट जारी गर्न सक्नेछ। अन्तःशुल्क अधिकारीले कुनै घर जग्गा वा सवारीमा त्यस्तो अपराधसंग सम्बन्धित कुनै व्यक्ति लुकेको छ वा कुनै पदार्थ राखिएको छ भन्ने आफूलाई विश्वास भएमा त्यस्तो घर जग्गा वा सवारीको खानतलासी गर्नको निमित्त आदेश जारी गर्न सक्नेछ।

९. गिरफ्तारी र कब्जाको प्रतिवेदन दिनु पर्नेः— यस ऐन अन्तर्गत कसैलाई गिरफ्तार गरेको वा कुनै घर जग्गा वा सवारीमा खानतलासी गरेको वा कुनै सामान कब्जा गरेकोमा अन्तःशुल्क अधिकारीले सो कुराको प्रतिवेदन चौबीस घण्टाभित्र छिटो साधनद्वारा आफूभन्दा एक तह माथिको अधिकारी समक्ष पठाउनु पर्नेछ।

३० अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१०. श्री ५ को सरकारलाई तिर्नु पर्ने रकम सरकारी बाँकी सरह असुल गर्ने:– यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमबमोजिम कुनै व्यक्तिले श्री ५ को सरकारलाई तिर्नु बुझाउनु पर्ने रकम नतिरी नबुझाई बाँकी राखेमा त्यस्तो रकम निजबाट अन्तःशुल्क अधिकारीले सरकारी बाँकी सरह असूल उपर गर्नेछ ।

११. दुःख दिने नियतले गिरफ्तार, खानतलासी वा कब्जा गर्नेलाई सजायः– यस ऐनको विरुद्ध काम भए गरेको भन्ने मनासिब शङ्का नभई अर्कालाई दुःख दिने, हेरानी गर्ने, बेइज्जति गर्ने वा क्षति पुऱ्याउने नियतले कसैको घर, जग्गा वा सवारीभित्र प्रवेश वा खानतलासी गर्ने गराउने, कसैलाई गिरफ्तार गर्ने गराउने, जफत गर्न नहुने चिज वस्तु जफत गर्ने, गराउने वा कसैलाई अनावश्यक क्षति वा चोट पुऱ्याउने वा पुऱ्याउन लगाउने व्यक्तिलाई छ महीनासम्म कैद वा पाँच सय रुपैयाँसम्म जरिवाना वा दुबै सजाय हुनेछ ।

१२. दण्ड सजायः– (१) यो ऐन विरुद्ध काम गर्ने व्यक्तिलाई छ महीनासम्म कैद वा पाँच सय रुपैयाँसम्म जरिवाना वा दुबै सजाय हुनेछ ।

(२) उप-दफा (१) बमोजिमको कामको उद्योग गर्ने व्यक्तिलाई तीन महीनासम्म कैद वा तीन सय रुपैयाँसम्म जरिवाना वा दुबै सजाय हुनेछ ।

१३. जफत हुने:– यो ऐन विरुद्ध गरेको कामसंग सम्बन्धित मदिरा र सो काम गर्न प्रयोग गरिएका सबै मालसामान जफत हुनेछ ।

१४. मुद्दा हेर्ने अधिकारीः– (१) दफा ११ अन्तर्गतको मुद्दामा शुरू कारवाई र किनारा गर्ने अधिकार श्री ५ को सरकार वा श्री ५ को सरकारले तोकिदिएको अधिकारीलाई र सो बाहेक यस ऐन अन्तर्गतको अरू मुद्दाको शुरू कारवाई र किनारा गर्ने अधिकार अन्तःशुल्क अधिकारीलाई हुनेछ ।

(२) उप-दफा (१) बमोजिम शुरू कारवाई र किनारा गर्ने अधिकारीलाई प्रचलित नेपाल कानूनबमोजिम जिल्ला अदालतलाई भए सरहको अधिकार प्राप्त हुनेछ ।

१५. पुनरावेदनः– यस ऐनबमोजिम अन्तःशुल्क अधिकारीले गरेको निर्णय उपर राजस्व न्यायाधीकरणमा र श्री ५ को सरकार वा श्री ५ को सरकारले तोकिदिएको अधिकारीले गरेको निर्णय उपर क्षेत्रीय अदालतमा पुनरावेदन लाग्नेछ ।

१६. नियम बनाउने अधिकारः–यस ऐनको उद्देश्य कार्यान्वित गर्न श्री ५ को सरकारले नियमहरू बनाउन सक्नेछ ।

१७. बचाउः– यस ऐनमा जुनसुकै कुरा लेखिएको भए तापनि अन्य प्रचलित नेपाल कानूनबमोजिम भट्टी वा डिष्टिलरीबाट मदिरा उत्पादन गर्ने ठेक्का वा अनुमतिपत्र प्राप्त गरेकोलाई यस ऐनले बाधा पुऱ्याएको मानिने छैन ।

१८. यसै ऐनबमोजिम हुने:– यस ऐनमा लेखिए जति कुरामा यसै ऐनबमोजिम हुनेछ र दफा १७ मा लेखिएदेखि बाहेक यस ऐनसित बाझिने प्रचलित नेपाल कानून बाझिएको हदसम्म यस ऐनको प्रयोजनको निमित्त खारेज भए सरह मानिनेछ ।

लालमोहर सदर मितिः– २०३१।६।२०।१

आज्ञाले–
त्रिभुवनप्रताप राणा
श्री ५ को सरकारको निमित्त सचिव

363

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ को सरकार

## कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छः–

२०३१ सालको ऐन नं. ११

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रवल गोरखादक्षिणवाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।

### मुलुकी ऐनलाई संशोधन गर्न बनेको ऐन

प्रस्तावनाः– मुलुकी ऐन (यसपछि "मूल ऐन" भनिएको) लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः– (१) यस ऐनको नाम "मुलुकी (पाँचौं संशोधन) ऐन, २०३१" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. मूल ऐन अदालती बन्दोवस्तको महलमा संशोधनः– (१) मूल ऐन अदालती बन्दोवस्तको महलको नम्बर ६४ मा रहेको "पन्ध्र" भन्ने शब्दको सट्टा "तीस" भन्ने शब्द राखिएको छ ।

(२) मूल ऐन अदालती बन्दोवस्तको महलको नम्बर १६० को सट्टा देहायको नम्बर १६० राखिएको छः–

368

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१६० ॥ ॥ वारेण्ट जारी हुने मुद्दाका अभियुक्तमध्ये मुद्दा हेर्ने अड्डामा प्रतिवादी वा बयान दिई सकेको अभियुक्तको वा एकफेरा सो अड्डामा हाजिर भई भागेकोमा प्रतिवादी वा बयान नदिएको भए पनि त्यस्तो अभियुक्तको हकमा जो बुझ्नु पर्ने बुझी ठहरे माफिक फैसला गरी दिनु पर्छ । अड्डामा हाजिर नभएको अभियुक्तको हकमा भने भएसम्मको साक्षी प्रमाण सरजमीन बुझी राखी वारेन्ट जारी भएको एक बर्षसम्ममा पनि हाजिर भएन वा पक्रिएन भने हाजिर भएका वा पक्रिएका बखतमा मुद्दा खडा गरी बुझी कानूनबमोजिम गर्ने भनी मुलतवी राखी सो मुलतवी रहेका मुद्दाका अभियुक्त फेला परेन वा हाजिर भएन भने पनि सो अभियुक्तको अंश रोक्का भएको छ बर्ष पुगेपछि मुद्दा खडा गरी बुझेसम्मको प्रमाणबाट ठहरेबमोजिम फैसला गरी दिनु पर्छ ।

(३) मूल ऐन अदालती बन्दोवस्तको महलको नम्बर १६४ को सट्टा देहायबमोजिम नम्बर १६४ राखिएको छः-

१६४ ॥ ॥ फैसला गर्ने अड्डाले फौज्दारी मुद्दामा फैसला हुँदा कैदको सजाय पाउने कसूरदार ठहरिएकोलाई सो फैसला उपर पुनरावेदन गर्न बढीमा ३ वर्षसम्म कैदको सजाय भएकोमा र पुर्पक्षलाई थुनामा बस्नु नपर्ने मुद्दा भएमा वा नबसेको भएमा पुनरावेदन गर्ने म्यादसम्मलाई सो अड्डाले धरौट वा जमानीमा छाड्न सक्नेछ -- १
पुनरावेदन सुन्ने अड्डाले भए पुनरावेदन गर्ने र पुनरावेदन दर्ता भएकोमा किनारा नभएसम्मलाई बढीमा १० बर्षसम्म कैदको सजाय भएकोमा र पुर्पक्षलाई थुनामा बस्नु पर्ने मुद्दा भएमा वा बसेको भएमा पनि धरौट वा जमानीमा छाड्न सक्नेछ -- २
दफा १ र २ बमोजिम धरौटी वा जमानीमा राख्दा कैदको महीना १ को पैंतालीस रूपैयाँको दरले हुने रूपैयाँ र अरू जरिवानाको रूपैयाँ धरौटी दिए वा सो बापत जेथा जमानी वा धन जमानी लिई राख्नु पर्छ---------------- ३
तर, पुनरावेदन परेपछि पुनरावेदन सुन्ने अड्डाले न्यायको रोहबाट पुनरावेदकलाई थुनामा राखी पुनरावेदन सुन्नु पर्ने देखेमा सोबमोजिम गर्न कुनै बाधा हुने छैन ।
माथि दफा १ र २ मा जुनसुकै कुरा लेखिएको भए तापनि धरौट वा जमानीमा राख्दा वा राख्न इन्कार गर्दा सो कुराको आधार खुलाई पर्चा खडा गर्नु पर्छ र देहायको अवस्थामा धरौटी वा जमानीमा छाड्न इन्कार गर्न सक्नेछ ------------- ४
धरौटी वा जमानीमा छाड्दा सजाय पाएको व्यक्ति भागीजाने सम्भावना भएकोमा - १
निजले सबूद प्रमाणमा हस्तक्षेप गर्ने सम्भावना भएकोमा - - - - - - - १
निजले अरू अपराध गर्ने सम्भावना भएकोमा ----------------- १
देहायको मुद्दामा एक वर्षभन्दा बढी कैदको सजाय पाएकोमा फैसला गर्ने अड्डाले र ३ वर्षभन्दा बढी कैदको सजाय पाएकोमा पुनरावेदन सुन्ने अड्डाले धरौटी वा जमानीमा छाड्न इन्कार गर्न सक्नेछ ------------------------ ५

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

भ्रष्टाचार निवारण ऐन, २०१७ अन्तर्गतको मुद्दा, कालो बजार, नाफा खोरी, जम्माखोरी वा मिसावटसम्बन्धी मुद्दा,

निकासी पैठारीसम्बन्धी मुद्दा,

आवश्यक सेवा, आवश्यक पदार्थ वा आवश्यक वस्तुसम्बन्धी मुद्दा,

मुद्रा, नोट, विदेशी विनिमय र नाप तौलसम्बन्धी मुद्दा,

प्राचीन स्मारक, पुरातात्विक महत्वको मूर्ति, चित्र पुस्तक वा अन्य कलाकृति सम्बन्धी मुद्दा,

लागू औषधसम्बन्धी मुद्दा,

सरकारी बिगोसम्बन्धी मुद्दा,

सरकारी कागजजात, अदालतको फैसला वा आदेश राहदानी, बीमा, चेक, ड्राफ्ट कीर्ते गरेको वा चोरी गरेको मुद्दा,

श्री ५ को सरकारको वा श्री ५ को सरकारको ५१ प्रतिशत स्वामित्व भएको संस्थानको वा बैङ्कको धनमाल चोरी गरेको, तहबील मसौट गरेको वा सम्पत्ति हिनामिना गरेको वा श्री ५ को सरकार, त्यस्तो संस्थान वा बैङ्कलाई ठगेको मुद्दा,

(४) मूल ऐन अदालती बन्दोवस्तको महलको नम्बर १९९ को सट्टा देहायबमोजिम नम्बर १९९ राखिएको छः–

१९९ ॥ ॥ यसै महलको १९४ नम्बरबमोजिम दण्ड सजाय बुझाई वा धरौट वा जमानत दिई पुनरावेदन गर्न पाउनेमा सोबमोजिम नगरी थुनामा बसी पुनरावेदन दिएको रहेछ भने त्यस्तो व्यक्तिलाई निजले सोबमोजिम दण्डसजाय बुझाए वा धरौट वा जमानत दिए, मुद्दा जुनसुकै अवस्थामा भएपनि थुनाबाट छाडी कानूनबमोजिम गर्न हुन्छ ।

३. <u>मूल ऐन कागज जाँचको महलमा संशोधनः–</u> मूल ऐन कागज जाँचको महलको नम्बर ८ पछि देहायको नम्बर ८क. थपिएको छः–

८क. नं ॥ ॥ कानूनबमोजिम संगठित संस्था वा नेपाल अधिराज्य स्थित विदेशी राजदूतावास तर्फबाट अधिकार प्राप्त व्यक्तिले लिखत गर्दा तीन पुस्ते र स्याप्चे सहीछाप गर्नु आवश्यक हुने छैन ।

लालमोहर सदर मितिः– २०३१।६।२०।१

आज्ञाले–
त्रिभुवनप्रताप राणा
श्री ५ को सरकारको निमित्त सचिव

३६६

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ को सरकार

## कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छः–

२०३१ सालको ऐन नं. १२

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति प्रतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।

### खर्क जग्गालाई राष्ट्रियकरण गर्न बनेको ऐन

प्रस्तावनाः– सर्वसाधारण जनताको सुविधा र आर्थिक हित कायम राख्न खर्क जग्गालाई राष्ट्रियकरण गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ ।

१. संक्षिप्त नाम, विस्तार र प्रारम्भः– (१) यस ऐनको नाम "खर्क जग्गा राष्ट्रियकरण ऐन, २०३१" रहेको छ ।

(२) यो ऐन नेपाल अधिराज्यभर लागू हुनेछ ।

(३) यो ऐन श्री ५ को सरकारले तोकिएको जिल्लामा तोकिएको मितिदेखि प्रारम्भ हुनेछ ।

२. परिभाषाः– विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा–

(क) "खर्क जग्गा" भन्नाले अड्डाखानामा दर्ता गराई वा नगराई खर्क, खर्कचोक आदि कुनै नामले पशुचरनलाई मात्र प्रयोग गरी आएको जग्गालाई सम्झनु पर्छ ।

3६६

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) "दर्तावाला" भन्नाले प्रचलित नेपाल कानूनबमोजिम श्री ५ को सरकारमा मालपोत वा खर्चरी रकम तिर्नु पर्ने गरी आफ्नो नाममा वा सामूहिक रूपले खर्क जग्गा दर्ता गरी सो दर्ताको नाताले खर्क जग्गामा हक हुने व्यक्ति वा व्यक्तिहरू सम्झनु पर्छ ।

(ग) "माल कार्यालय" भन्नाले माल कार्यालय रहेको ठाउँमा माल कार्यालय र सो नरहेको ठाउँमा भूमि प्रशासन कार्यालयलाई सम्झनु पर्छ ।

३. खर्क जग्गाको राष्ट्रियकरणः– यो ऐन प्रारम्भ भएको मितिदेखि नेपाल अधिराज्यमा भएका सबै खर्क जग्गा राष्ट्रियकरण भै सो जग्गाको स्वामित्व श्री ५ को सरकारमा सर्नेछ र यो ऐन प्रारम्भ हुनुभन्दा अघि त्यस्ता खर्क जग्गामा रहेको दर्तावालाको स्वामित्वसम्बन्धी हक स्वतः समाप्त हुनेछ ।

तर,

(क) निजी उपयोगका लागि चरनमा मात्र प्रयोग गरी आएको भएपनि प्रचलित नेपाल कानूनले तोकिएको हदबन्दीभित्रको जमीन भए दर्तावालाले राख्न पाउनेछ ।

(ख) यो ऐन लागू भएपछि पनि देहायको कामको लागि श्री ५ को सरकारले प्रचलित ऐन कानूनबमोजिम छूट दिन सक्नेछः–

(क) फलफूल खेति,
(ख) पशुपालन,
(ग) जडीबूटी खेति,
(घ) चिया खेति ।

४. क्षतिपूर्ति दिनेः– (१) दफा ३ बमोजिम राष्ट्रियकरण भएको खर्क जग्गाको दर्तावालालाई नियमद्वारा गठित समितिको सिफारिशमा श्री ५ को सरकारले क्षतिपूर्तिको न्यायोचित रकम निर्धारण गर्नेछ ।

त्यस्तो समितिमा सम्बन्धित जिल्ला पञ्चायतको सभापति, स्थानीय गाउँ पञ्चायतका प्रधान पञ्च वा निजहरूको प्रतिनिधि पनि रहनेछन् ।

(२) उप-दफा (१) बमोजिमको क्षतिपूर्तिको रकम लिन आउनु भनी माल कार्यालयले सम्बन्धित दर्तावालाहरूको जानकारीको लागि सूचना टाँस गर्नु पर्नेछ ।

(३) उप-दफा (२) बमोजिमको सूचना टाँस भएको मितिले एक वर्षभित्र दर्तावालाले क्षतिपूर्ति पाउनको लागि आफ्नो हक भोगको सबूद प्रमाण संलग्न गरी सम्बन्धित माल कार्यालयमा निवेदन दिनु पर्नेछ । ३६८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

तर, कुनै व्यक्तिले सूचना टाँस भएको एक वर्षसम्म पनि निवेदन दिन नआएमा सो क्षतिपूर्तिमा पछि निजको कुनै दावी लाग्ने छैन ।

(४) उप-दफा (३) बमोजिम पर्न आएको निवेदनमाथि आवश्यक जाँचबुझ गरी माल कार्यालयले दर्तावालाहरूलाई तिरो दामासाहीले क्षतिपूर्ति दिनेछ ।

तर क्षतिपूर्ति पाउने हक वा क्षतिपूर्तिको अङ्कसम्बन्धी प्रश्न उठेमा अदालतबाट ठहर भए– बमोजिम माल कार्यालयले क्षतिपूर्ति दिनु पर्नेछ ।

५. खर्क जग्गाको व्यवस्थाः– (१) श्री ५ को सरकारले दफा ३ बमोजिम राष्ट्रियकरण गरिएको खर्क जग्गाको छुट्टै लगत माल कार्यालयमा राख्न लगाई सो जग्गाको संरक्षण र पशुचरनको लागि स्थानीय गाउँ पञ्चायतको जिम्मा दिनेछ ।

तर एकभन्दा बढी गाउँ पञ्चायतहरूको सन्धि सर्पन पर्ने खर्क जग्गा एकभन्दा बढी गाउँ पञ्चायतलाई दिन श्री ५ को सरकारलाई यस उप-दफाले बाधा पुऱ्याएको मानिने छैन ।

(२) उप-दफा (१) बमोजिम आफ्नो जिम्मामा आएको खर्क जग्गाको संरक्षण र सुधार गरी स्थानीय गाउँ पञ्चायतले चरनको काममा बाहेक सो जग्गा अन्य काममा प्रयोग गर्न वा गराउन पाउने छैन ।

६. चरी रकम लिई वस्तुभाउ चराउन दिइनेः– (१) गाउँ पञ्चायतले आफ्नो अधीनस्थ खर्क जग्गामा चौरी गाई, गाई, भैंसी, घोडा, खच्चर आदि ठूलो जनावर प्रत्येकको बढीमा तीन रूपैयाँसम्म र बाखा, खसी, बोका, भेंडा, च्याँग्रा आदि सानो जनावर प्रत्येकको बढीमा एक रूपैयाँसम्म वार्षिक चरी रकम लिई अघिदेखि सो खर्कमा चराई आएको समेत सबैको वस्तुभाउ चराउन दिनु पर्नेछ ।

(२) उप-दफा (१) बमोजिम असूल भएको चरी रकम गाउँ सभा कोषमा जम्मा गरिनेछ ।

७. पञ्चायतलाई निर्देशन दिने अधिकारः– श्री ५ को सरकारले आवश्यक देखेमा खर्क जग्गाको संरक्षण, सुधार र चरनको लागि गाउँ पञ्चायतलाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु सो पञ्चायतको कर्तव्य हुनेछ ।

८. नियम बनाउने अधिकारः– यस ऐनको उद्देश्य कार्यान्वित गर्न श्री ५ को सरकारले नियम बनाउन सक्नेछ ।

लालमोहर सदर मितिः–२०३१।६।२०।१

आज्ञाले–
त्रिभुवनप्रताप राणा
श्री ५ को सरकारको निमित्त सचिव

368

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ को सरकार

## कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छः–

२०३१ सालको ऐन नं. १३

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।

भन्सार ऐनलाई संशोधन गर्न बनेको ऐन

प्रस्तावनाः– भन्सार ऐन, २०१९ (यसपछि "मूल ऐन" भनिएको) लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः– (१) यस ऐनको नाम "भन्सार (चौथो संशोधन) ऐन, २०३१" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. मूल ऐनको दफा २ मा संशोधनः– (१) मूल ऐनको दफा २ को खण्ड (छ) को सट्टा देहायको खण्ड (छ) राखिएको छः–

(छ) "भन्सार अधिकृत" भन्नाले श्री ५ को सरकारले नियुक्त गरेको भन्सार अधिकृत वा प्रमुख भन्सार अधिकृत सम्झनुपर्छ र सो शब्दले छोटी भन्सार अड्डाका अड्डा प्रमुख समेतलाई जनाउँछ ।

(२) मूल ऐनको दफा २ को खण्ड (ज) खारेज गरिएको छ ।

३. मूल ऐनमा दफा १३ क. थपः– मूल ऐनको दफा १३ पछि देहायको दफा १३ क. थपिएको छः–

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१३क. पैठारी गरेको माल वा वस्तु श्री ५ को सरकारले खरीद गर्न सक्नेः– भन्सार महसूल निर्धारण गर्दा पैठारी गरेका माल वा वस्तु घटी मूल्य तिरी वा घटी मूल्यको बिल बनाई ल्याएको छ भन्ने श्री ५ को सरकारलाई लागेमा श्री ५ को सरकारले त्यस्तो माल वा वस्तुको लागेको मोल, ढुवानी खर्च (फ्रेट), बीमा सम्पूर्ण खर्च कायम हुन आएको मूल्यमा सो माल वा वस्तु आफैले खरीद गर्न वा श्री ५ को सरकारको स्वामित्व भएको संगठित संस्थाबाट खरीद गराउन सक्नेछ ।

४. मूल ऐनको दफा ३४ मा संशोधनः– (१) मूल ऐनको दफा ३४ को उप-दफा (१) को खण्ड (ख) तथा उप–दफा (२) र (३) मा रहेको "वा श्री ५ को सरकारले तोकिदिएको अधिकारी" भन्ने शब्दहरू झिकिएको छ ।

(२) मूल ऐनको दफा ३४ को उप-दफा (८) को खण्ड (क) को अन्तमा देहायको वाक्यांश थपिएको छः–

यस खण्डबमोजिम जरिवाना र सजाय भन्सार अधिकृतले गर्नेछ ।

(३) मूल ऐनको दफा ३४ को उप–दफा (९) मा रहेको "निजलाई ने. रू. ५००।– पाँच सयसम्म" भन्ने शब्दहरूको सट्टा "निजलाई भन्सार अधिकृतबाट पाँच सय रूपैयाँसम्म" भन्ने शब्दहरू राखिएको छ ।

(४) मूल ऐनको दफा ३४ को उप–दफा (११) मा रहेको "त्यस्तोलाई ने. रू. ५००।– पाँच सयसम्म" भन्ने शब्दहरूको सट्टा "त्यस्तोलाई भन्सार अधिकृतबाट पाँचसय रूपैयाँसम्म" भन्ने शब्दहरू राखिएको छ ।

(५) मूल ऐनको दफा ३४ को उप–दफा (१३) मा रहेको "सो व्यक्तिलाई एक महीनासम्म" भन्ने शब्दहरूको सट्टा "सो व्यक्तिलाई भन्सार अधिकृतबाट एक महीना–सम्म" भन्ने शब्दहरू राखिएको छ ।

(६) मूल ऐनको दफा ३४ को उप-दफा (१६) खारेज गरिएको छ ।

५. मूल ऐनमा दफा ३४क. थपः– मूल ऐनको दफा ३४ पछि देहायको दफा ३४क. थपिएको छः–

३४क. श्री ५ को सरकारले अधिकारी तोकी अधिकार सुम्पन सक्नेः– यस ऐन अन्तर्गत भन्सार अधिकृतलाई भएको सबै वा केही अधिकार श्री ५ को सरकारले कुनै अधिकारी तोकी सुम्पन सक्नेछ ।

६. रूपान्तरः– मूल ऐनमा जुन जुन ठाउँमा भन्सार अड्डाको हाकिम वा भन्सार अफिसर भन्ने शब्दहरू प्रयोग भएको छ तद् तद् ठाउँमा त्यसको सट्टा भन्सार अधिकृत भन्ने शब्दहरू राखिएको छ ।

लालमोहर सदर मितिः– २०३१।६।२०।१

आज्ञाले–
त्रिभुवनप्रताप राणा
श्री ५ को सरकारको निमित्त सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ को सरकार

## कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छः–

२०३१ सालको ऐन नं.१४

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।

### राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ लाई संशोधन गर्न बनेको ऐन

प्रस्तावनाः– राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ (यसपछि "मूल ऐन" भनिएको ) लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ।

१. संक्षिप्त नाम र प्रारम्भ :– (१) यस ऐनको नाम "राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ( पहिलो संशोधन ) ऐन, २०३१ " रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. मूल ऐनको दफा १८ मा संशोधनः– मूल ऐनको दफा १८ को उप–दफा ( १ ) को दोस्रो हरफमा रहेको " यो ऐन लागू भएको छ महीनाभित्र " भन्ने शब्दहरूको सट्टा "तोकिएको म्यादभित्र " भन्ने शब्दहरू राखिएको छ।

लालमोहर सदर मिति :– २०३१।६।२०।१

आज्ञाले–
त्रिभुवनप्रताप राणा
श्री ५ को सरकारको निमित्त सचिव

382

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ को सरकार

## कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छः–

२०३१ सालको ऐन नं. १५

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।

### बिष्फोटक पदार्थ ऐन, २०१८ लाई संशोधन गर्न बनेको ऐन

प्रस्तावनाः– बिष्फोटक पदार्थ ऐन, २०१८ (यसपछि "मूल ऐन" भनिएको) लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः– (१) यस ऐनको नाम "विष्फोटक पदार्थ (पहिलो संशोधन) ऐन, २०३१" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. मूल ऐनको दफा २ मा संशोधनः– (१) मूल ऐनको दफा २ को खण्ड (क) को उप-खण्ड (१) मा रहेको "बिष्फोटकद्वारा व्यवहारिक" भन्ने शब्दहरूको सट्टा "बिष्फोटनद्वारा व्यावहारिक" भन्ने शब्दहरू राखिएको छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) मूल ऐनको दफा २ को खण्ड (क) को उप-खण्ड (२) को सट्टा देहायको उप-खण्ड (२) राखिएको छः–

(२) फोग्सिग्नल, फ्यूजरकेट, परक्यूशन क्याप, केप, पडकाउने वस्तु (डिटोनेटर) कारतुस र यस्तै अन्य सबै प्रकारका खरखजाना र उप-खण्ड (१) बमोजिमको कुनै विष्फोटक पदार्थसंग मिल्दो जुल्दो गरी वा मिलाई उत्पादन वा तयार गरिएको पदार्थलाई जनाउँछ ।

(३) मूल ऐनको दफा २ को खण्ड (क) को उप-खण्ड (३) को सट्टा देहायको उप-खण्ड (३) राखी त्यसपछि देहायका उप-खण्ड (४) थपिएको छः–

(३) विष्फोटक पदार्थ उत्पादन वा निर्माण गर्ने संयन्त्र, मेशीन वा ज्यावल समेत जनाउँछ ।

(४) दफा ३ बमोजिम श्री ५ को सरकारबाट नेपाल राजपत्रमा प्रकाशित गरी विष्फोटक पदार्थ भनी घोषित गरिएको पदार्थलाई सम्झनु पर्छ ।

३. मूल ऐनको दफा ५ मा संशोधनः– मूल ऐनको दफा ५ को सट्टा देहायको दफा ५ राखिएको छः–

५. विष्फोटक पदार्थको उत्पादन प्रयोग, बिक्री, परिवहन र पैठारी गर्ने तथा राख्ने काम निषेध तथा नियन्त्रण गर्न सक्ने श्री ५ को सरकारको अधिकारः– यो ऐनको अन्य दफामा जुनसुकै कुरा लेखिएको भए तापनि श्री ५ को सरकारले सार्वजनिक सुरक्षाको निमित्त आवश्यक देखेमा समय समयमा नेपाल राजपत्रमा सूचना प्रकाशित गरी कुनै विष्फोटक पदार्थलाई उत्पादन गर्ने, राख्ने, प्रयोग गर्ने, बिक्री गर्ने, परिवहन गर्ने, वा पैठारी गर्ने कामलाई पूर्णतः वा केही हदसम्म मनाही गर्न सक्नेछ ।

४. मूल ऐनको दफा १० मा संशोधनः– मूल ऐनको दफा १० को सट्टा देहायको दफा १० राखिएको छः–

१०. दण्ड सजाय र जफतीः– (१) कुनै व्यक्तिले दफा ४ अन्तर्गत इजाजत-पत्र नलिई वा दफा ५ को उल्लंघन गरी देहायको विष्फोटक पदार्थ उत्पादन गरेमा, राखेमा, प्रयोग गरेमा, बिक्री गरेमा, परिवहन गरेमा वा पैठारी गरेमा निजलाई प्रत्येक कसूर बापत देहायबमोजिम दण्ड सजाय हुनेछः–

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क) नाईट्रोग्लिसरीन, डाईनामाईट, ब्लास्टिङ्ग पाउडर वा पारोको वा धातुको फलमिनेट भए दुई वर्षसम्म कैद वा चार हजार रुपैयाँसम्म जरिवाना वा दुवै,

(ख) खण्ड (क) मा लेखिएको बिष्फोटक पदार्थ र आतसबाजी र पटाका बाहेक अन्य विष्फोटक पदार्थ भए १ वर्षसम्म कैद वा दुई हजार रुपैयाँसम्म जरिवाना वा दुवै,

(ग) आतसबाजी वा पटाका भए दुई सय रुपैयाँसम्म जरिवाना ।

तर, एउटै विष्फोटक पदार्थका सम्बन्धमा दण्ड सजाय गर्दा उत्पादन गरेको, पैठारी गरेको वा प्रयोग गरेको बापत सजाय हुने भएमा सो पदार्थ साथ राखे बापत र पैठारी गरेको, प्रयोग गरेको वा बिक्री गरेको बापत सजाय हुने भएमा परिवहन गरेको बापत छुट्टै दण्ड सजाय हुने छैन ।

(२) कुनै व्यक्तिले दफा ४ अन्तर्गत लिएको इजाजत-पत्रको शर्त उल्लंघन गरेमा वा यस ऐन अन्तर्गत बनेको नियम उल्लंघन गरेमा उप-दफा (१) को खण्ड (क) को कुरामा एक हजार रुपैयाँसम्म, खण्ड (ख) को कुरामा पाँच सय रुपैयाँसम्म र खण्ड (ग) को कुरामा एक सय रुपैयाँसम्म जरिवाना हुनेछ ।

स्पष्टिकरणः– इजाजत-पत्रको म्याद नाघेकोमा र इजाजतपत्रले अधिकार नै नदिएको काम कुरा गरेकोमा इजाजत–पत्र नलिएको मानी कारवाई र सजाय हुनेछ ।

(३) दफा ४ वा ५ अन्तर्गतको कसूरसंग सम्बन्धित बिष्फोटक पदार्थ जफत भई श्री ५ को सरकार लाग्नेछ ।

लालमोहर सदर मितिः–२०३१।६।२०।१

आज्ञाले–

त्रिभुवनप्रताप राणा

श्री ५ को सरकारको निमित्त सचिव

३८५

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ को सरकार

## कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

२०३१ सालको ऐन नं. १६

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरूदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।

### होटेल कर ऐन, २०१८ लाई संशोधन गर्न बनेको ऐन

प्रस्तावना:–होटेल कर ऐन, २०१८ (यसपछि "मूल ऐन" भनिएको) लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ।

१. संक्षिप्त नाम र प्रारम्भ:– (१) यस ऐनको नाम "होटेल कर (दोश्रो संशोधन) ऐन, २०३१" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. मूल ऐनको दफा २ मा संशोधन:– मूल ऐनको दफा २ को सट्टा देहायको दफा २ राखिएको छ:–

२. परिभाषा:– विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा–

(क) "होटेल" भन्नाले भोजन (खाना–पीना) को प्रबन्ध भई वा नभई बसोबासको सुविधा दिने गरी व्यावसायीक आधारमा चलाइएको होटेल सम्झनु पर्छ र सो शब्दले होटेल अन्तर्गतको भोजनालय, जलपान-गृह र रेष्टराँ बार समेतलाई जनाउँछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) "रेष्टुरां बार" भन्नाले कुनै प्रकारको खानापीना सहित वा रहित, डिष्टीलरीबाट उत्पादित मदिरा खुवाउने पसल वा स्थान सम्झनु पर्छ।

(ग) "ग्राहक" भन्नाले होटेलमा बसोबास गर्ने वा खानापीनाको सुविधा उपभोग गर्ने व्यक्ति सम्झनु पर्छ।

(घ) "ग्राहक खर्च" भन्नाले होटेलमा बसोबास, खानापीना र यस्तै अन्य सेवा-हरू प्रदान गरे बापत होटेल मालिकलाई भुक्तानी गर्नु पर्ने रकम सम्झनु पर्छ।

तर, सो रकममा दृश्यावलोकन र तार टिकट जस्ता अन्य काममा लाग्ने खर्च समावेश हुने छैन।

(ङ) "कुनै होटेलको सम्बन्धमा मालिक" भन्नाले होटेलको कारोबारमा अन्तिम नियन्त्रण भएको व्यक्ति सम्झनु पर्छ र सो शब्दले त्यस्तो होटेलको सञ्चालन गर्ने मैनेजर, मैनेजिङ्ग एजेण्ट र सहयोगीहरू समेतलाई जनाउँछ।

(च) "कर" भन्नाले होटेलको ग्राहक उपर लाग्ने होटेल कर सम्झनु पर्छ।

(छ) "कर अधिकृत" भन्नाले यो ऐनको प्रयोजनको निमित्त श्री ५ को सरकार-ले नियुक्त गरेको वा तोकेको कर अधिकृत, प्रमुख कर अधिकृत वा अन्य कुनै अधिकृत सम्झनु पर्छ।

(ज) "तोकिएको वा तोकिएबमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियम वा आदेशमा तोकिएको वा तोकिएबमोजिम सम्झनु पर्छ।

३. मूल ऐनको दफा ५ मा संशोधनः– (१) मूल ऐनको दफा ५ को उप-दफा (१) को सट्टा देहायको उप-दफा (१) राखिएको छः–

(१) होटेलको मालिकले ग्राहकबाट ग्राहक खर्च असूल गर्दा निजलाई लाग्ने करको रकम पनि साथ साथै असूल गरी लिनुपर्छ। महीना महीनाको ग्राहकबाट असूल गर्नुपर्ने करको रकम महीना महीनाभित्रै असूल गरी सक्नु पर्छ। कुनै ग्राहकबाट करको रकम असूल नगरी निजलाई होटेल छाड्न दिएमा सो करको रकम होटेल मालिकले व्यहोर्नु पर्नेछ।

तर, ट्राभल एजेन्सी वा त्यस्तै अरू कुनै संस्थाबाट पछि ग्राहक खर्च भुक्तानी पाउने गरी त्यस्तो एजेन्सी वा संस्था मार्फत् आएका ग्राहकको हकमा सोही व्यहोराको निवेदन पर्न आई कर अधिकृतले मुनासिब देखेमा कर दाखिल गर्न बढीमा दुई महीनासम्मको म्याद थप दिन सक्नेछ।

यस्तो अवस्थामा कुनै अतिरिक्त थप दस्तुर लाग्ने छैन। ३५६

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

(२) मूल ऐनको दफा ५ को उप-दफा (२) मा देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएको छः–

तर, यान्त्रिक बिलिङ प्रणाली भएको होटेलको हकमा श्री ५ को सरकारले उपयुक्त सम्झेमा त्यस्तो होटेलको बीलको प्रति नलिने गरी छूट दिन सक्नेछ ।

(३) मूल ऐनको दफा ५ को उप-दफा (५) पछि देहायको उप-दफा (६) थपिएको छः–

(६) प्रचलित नेपाल कानूनबमोजिम कर लाग्ने कुनै नयाँ होटेलको स्थापना भएमा वा भई रहेको होटेलहरूले बसोवास वा उपलब्ध गराएको अन्य सुविधाहरूमा अदल बदल गरेमा त्यसको सूचना त्यस्तो स्थापना वा सुविधाहरू अदल बदल भएको मितिले पैंतीस दिनभित्र स्थानीय कर कार्यालयलाई दिनु पर्नेछ ।

४. मूल ऐनको दफा ६ मा संशोधनः– मूल ऐनको दफा ६ को उप-दफा (४) पछि देहायको उप-दफा (५) र (६) थपिएको छः–

(५) कुनै होटेलको मालिकले कर छल्ने उद्देश्यले कुनै काम कारवाई गरेमा वा समय समयमा दाखिल गर्नुपर्ने कर वा करको हिसाबको विवरण दाखिल नगर्ने कुराको आशङ्का कर अधिकृतलाई लागेमा कर अधिकृतले मनासिब ठानेको म्याद दिई मनासिब ठानेको रकम तोकी धरौटी राख्न निजलाई आदेश दिन सक्नेछ । यसरी धरौटी राख्ने आदेश भएकोमा धरौटीको पूरै रकम नगदमा वा आधी नगद र आधीको जमानी दाखिल नगरेसम्म कर अधिकृतले मनासिब ठानेमा होटेल बन्द गर्ने आदेश दिन सक्नेछ । विदेशीले भाँडाको घरमा होटेल खोलेकोमा समेत कर अधिकृतले यो उप-दफा बमोजिम धरौटी लिन सक्नेछ ।

(६) उप-दफा (५) अन्तर्गतको आदेशमा चित्त नबुझ्ने होटेल मालिकले त्यस्तो आदेश भएको ३५ दिनभित्र कर महा-निर्देशक वा कर निर्देशक समक्ष निवेदन गर्न सक्नेछ ।

५. मूल ऐनको दफा ८ मा संशोधनः– (१) मूल ऐनको दफा ८ को उप-दफा (२) को सट्टा देहायको उप-दफा (२) राखिएको छः–

(२) कुनै होटेलका मालिकले यो ऐनबमोजिम दाखिल गर्नुपर्ने करको रकम, लगत, निस्सा, बील, प्रमाण वा सूचना म्यादभित्र दाखिल नगरेमा कर अधिकृतले एकै पटक वा तीन पटकमा नबढ्ने गरी जम्मा तीस दिनसम्मको म्याद थप गर्न सक्नेछ । यसरी म्याद थपिंदा एकै पटक वा बढीमा तीन पटक गरी बिगो

३८८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

खुलेकोमा जम्मा बुझाउनु पर्ने रकमको बढीमा दश प्रतिशतसम्म र बिगो नखुलेकोमा पटकै पिच्छे बढीमा एक सय रूपैयाँसम्म जरिवाना गर्न सक्नेछ । यस्तो जरिवाना रकम थप भएको म्यादभित्र तोकिएको बैंक वा कार्यालयमा रहेको श्री ५ को सरकारको संचित कोषमा दाखिल गर्नु पर्नेछ ।

(२) मूल ऐनको दफा ८ को उप-दफा (२) को सट्टा देहायको उप-दफा (२) राखिएको छः–

(२) कुनै होटेलको मालिकले कर छल्ने उद्देश्यले यो ऐनबमोजिम स्थानीय कर अधिकृत छेउ दाखिल गर्नु पर्ने लगत, निस्सा, बील वा सूचना झुट्टा वा फरक पारी दाखिल गरेमा निजलाई कर अधिकृतले बिगो खुलेमा बिगोबमोजिम र बिगो नखुलेमा पाँच सय रूपैयाँसम्म जरिवाना गरी मनासिब ठानेमा होटेल बन्द गर्ने आदेश समेत दिन सक्नेछ ।

(३) मूल ऐनको दफा ८ को उप-दफा (३) पछि देहायको उप-दफा (४) थपिएको छः–

(४) कर अधिकृतले उप-दफा (१) बमोजिमको कारवाईको साथ साथै वा सो गरी सकेपछि बिगो खुलेकोमा सोहीबमोजिम र बिगो नखुलेकोमा देहायबमोजिम न्यायोचित अनुमानबाट कर निर्धारण गरी असूल गर्न सक्नेछः–

(क) कर निरीक्षक वा अरू कसैको तथ्यपूर्ण ठहरिएका गोप्य प्रतिवेदन,

(ख) यस्तै किसिमका अरू करदाताको यस्तै किसिमको कारोवार वा व्यवसायमा के कति खुद आय निर्धारण भएको छ सो आधार,

(ग) कर अधिकृतले त्यस्तो करदाताको सम्बन्धमा प्राप्त गरेको अन्य कुनै तथ्य पूर्ण प्रतिवेदन,

(घ) कर अधिकृतले मुनासिब सम्झेको अन्य आधार ।

(४) मूल ऐनको दफा ८ को उप-दफा (६) पछि देहायको उप-दफा (७) थपिएको छः–

(७) यो ऐन वा यो ऐन अन्तर्गत बनेको नियम वा जारी भएको आदेशको बर्खिलाप गर्ने गराउनेलाई यो ऐनमा खास व्यवस्था भएकोमा बाहेक कर अधिकृतले औचित्यको दृष्टिले कसूरको मात्रा अनुसार पटकै पिच्छे बढीमा पाँच सय रूपैयाँसम्म जरिवाना गर्न सक्नेछ ।

3CS

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६. मूल ऐनको दफा १०क. मा संशोधनः– मूल ऐनको दफा १०क. को सट्टा देहायको दफा १०क. राखिएको छः–

१०क. होटेल कर नलाग्ने अवस्थाः–भोजन बाहेक बसोवासको लागि मात्र प्रत्येक ग्राहक पिच्छे दैनिक पांच रूपैयाँ वा सोभन्दा घटी किरायामा बसोवासको सुविधा दिने होटेलका ग्राहकबाट होटेल कर लिइने छैन ।

तर, ग्रामीण र दुर्गम क्षेत्रका हकमा छाकको पाँच रूपैयाँभन्दा कममा खाना खुवाउने रजिष्टर्ड नभएका होटेलका ग्राहकबाट होटेल कर लिइने छैन ।

७. मूल ऐनको दफा १०क. पछि थपः– मूल ऐनको दफा १०क. पछि देहायको दफा १०ख., दफा १०ग. र दफा १०घ. थपिएको छः–

१०ख. निर्देशकको अधिकारः– यो ऐनबमोजिम कुनै कर अधिकृतले गरेको कारवाई वा निर्णयमा कुनै कारवाई सम्बन्धित त्रुटी भएकोमा कर निर्देशकले कर अधिकृतलाई त्यस्तो त्रुटी सुधार गरी वा कारवाई नियमित गरी पुनः निर्णय गर्ने आदेश दिन सक्नेछ ।

१०ग. अधिकार प्रत्यायोजन गर्न सकिनेः– यो ऐनबमोजिम कुनै कर अधिकृतलाई भएको अधिकार निजले लिखित आदेशद्वारा आफ्नो कार्य क्षेत्रभित्र परेको कुनै शाखा कार्यालयका प्रमुखलाई सुम्पन सक्नेछ र यसरी अधिकार सुम्पेको कुराको सूचना कर अधिकृतले कर निर्देशकलाई तुरुन्त दिनु पर्नेछ । यसरी सुम्पिएको अधिकारबमोजिम भए गरेको कार्य कर अधिकृतले गरेको मानिनेछ ।

१०घ. दायित्व सर्नेः– यो ऐनबमोजिम कुनै होटेल मालिकसंग असूल उपर गर्नु पर्ने कर वा जरिवानाको रकम निज विदेशीएमा, मृत्यु भएमा, बेपत्ता भएमा वा निजले होटेल बिक्री गरेमा सो होटेलको हालको मालिकसंग सरकारी बाँकी सरह असूल उपर गरिनेछ ।

लालमोहर सदर मितिः– २०३१।६।२०।१

आज्ञाले–
त्रिभुवनप्रताप राणा
श्री ५ को सरकारको निमित्त सचिव

380

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ को सरकार

## कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ :–

२०३१ सालको ऐन नं. १७

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रवल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।

### राष्ट्रिय पञ्चायतका अध्यक्ष, उपाध्यक्ष र सदस्यहरूको पारिश्रमिक र सुविधा ऐन, २०२१ लाई संशोधन गर्न बनेको ऐन

प्रस्तावनाः– राष्ट्रिय पञ्चायतका अध्यक्ष, उपाध्यक्ष र सदस्यहरूको पारिश्रमिक र सुविधा ऐन, २०२१ (यसपछि "मूल ऐन" भनिएको) लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः– (१) यस ऐनको नाम "राष्ट्रिय पञ्चायतका अध्यक्ष, उपाध्यक्ष र सदस्यहरूको पारिश्रमिक र सुविधा (पाँचौं संशोधन) ऐन, २०३१" रहेको छ ।

(२) यो ऐन २०३१ श्रावण १ गतेदेखि प्रारम्भ भएको मानिनेछ ।

३८९

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२. मूल ऐनको दफा ३ मा संशोधनः– मूल ऐनको दफा ३ को उप–दफा (२) को सट्टा देहायको उप–दफा (२) राखिएको छः–

(२) अध्यक्ष तथा उपाध्यक्षको भ्रमण भत्ता, दैनिक भत्ता, घरभाडा, सवारी, फर्निचर, टेलिफोन, भन्सार सुविधा तथा निजी स्टाफ आदि क्रमशः श्री ५ को उप–प्रधानमन्त्री र श्री ५ को राज्यमन्त्रीलाई प्राप्त भए सरह हुनेछ।

तर, आफ्नो पदमा बहाल रहेसम्म अध्यक्ष तथा उपाध्यक्षले यस उप–दफा बमोजिम पाएको सुविधा घटाइने छैन।

३. मूल ऐनको दफा ६ मा संशोधनः– मूल ऐनको दफा ६ को उप–दफा (१) को सट्टा देहायको उप–दफा (१) राखिएको छः–

(१) सदस्यलाई आवासको सुविधा बापत प्रतिमास रु. ४००।– (चारसय) भत्ता दिइनेछ।

४. मूल ऐनको दफा १० पछि थपः– मूल ऐनको दफा १० पछि देहायको दफा ११ थपिएको छः–

११. टेलिफोनको सुविधाः– सदस्यलाई सो पदमा बहाल रहेसम्मको अवधिको लागि निजको आवासमा १ सेट टेलिफोन राख्न, जडान खर्च र धरौटी बापत लाग्ने न्यूनतम रकमको सुविधा दिइनेछ। टेलिफोनको अनिवार्य शुल्क बापत प्रतिमास रु.५०। (पचास) दिइनेछ र बढी कलको रकम सदस्यद्वारा आफैले तिर्नु पर्नेछ।

लालमोहर सदर मितिः– २०३१।६।२०।१

आज्ञाले–
त्रिभुवनप्रताप राणा
श्री ५ को सरकारको निमित्त सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ को सरकार

## कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ :-

२०३१ सालको ऐन नं. १८

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।

### सवारी साधन कर असूल उपर गर्ने व्यवस्थाको निमित्त बनेको ऐन

प्रस्तावना:- प्रचलित नेपाल कानूनबमोजिम लाग्ने सवारी साधन करको रकम असूल उपर गर्ने कार्यप्रणाली व्यवस्थित गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ ।

१. संक्षिप्त नाम, विस्तार र प्रारम्भ:- (१) यस ऐनको नाम "सवारी साधन कर ऐन, २०३१" रहेको छ ।

(२) यो ऐन नेपाल अधिराज्यभर लागू हुनेछ ।

(३) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा:- विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा-

(क) "सवारी साधन" भन्नाले यान्त्रिक शक्तिबाट चल्ने स्थलगामी सवारी साधनहरू जस्तैः जीप, कार, लहरी, ट्रक, बस, भ्यान, मिनिबस, मोटर साईकल, स्कूटर, अटोरिक्सा, टेम्पो आदिलाई सम्झनु पर्छ ।

(ख) "कर" भन्नाले प्रचलित नेपाल कानूनबमोजिम लाग्ने सवारी साधन कर सम्झनु पर्छ ।

(ग) "करदाता" भन्नाले यो ऐन वा प्रचलित नेपाल कानूनबमोजिम कर तिर्नु पर्ने कर्तव्य भएको व्यक्ति सम्झनु पर्छ ।

353

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(घ) "कर अधिकृत" भन्नाले यो ऐनको प्रयोजनको निमित्त श्री ५ को सरकारले नियुक्त गरेको वा तोकेको कर अधिकृत प्रमुख कर अधिकृत वा अन्य कुनै अधिकृत सम्झनु पर्छ ।

(ङ) "कर निर्देशक" भन्नाले श्री ५ को सरकारको कर बिभागको महा-निर्देशक वा निर्देशक सम्झनु पर्छ ।

३. कर असूल गर्ने:– सालबसाली वा कुनै एक सालको लागि कुनै सवारी साधनमा कर लगाउने गरी कुनै ऐनबाट व्यवस्था भएमा त्यस्तो कर यो ऐन र यस ऐन अन्तर्गत बनेको नियमबमोजिम कर अधिकृतले असूल उपर गर्नेछ ।

४. कर तिर्नु पर्ने:– प्रत्येक सालको श्रावण १ गतेको दिनमा जुन व्यक्तिको नाममा प्रचलित नेपाल कानूनबमोजिम सवारी साधन दर्ता कायम रहेको छ सोही व्यक्तिबाट कर असूल गरिनेछ र त्यस्तो करदाताले आफ्नो नाममा दर्ता भएको सवारी साधनमा लाग्ने कर सोही सालको पौष मसान्त वा दर्ता नवीकरण गराउनु पर्ने म्याद जुन अघिल्लो पर्छ सो म्यादभित्र बुझाई सक्नु पर्नेछ ।

तर, नयाँ खरीद गरेको सवारी साधनको हकमा त्यस्तो सवारी साधन दर्ता गराउनु भन्दा अगावै कर दाखिल गर्नु पर्नेछ ।

५. दर्ता नवीकरण वा नामसारी गर्न अगावै कर तिर्नु पर्ने:– सवारी साधनको दर्ता नवीकरण गराउनु वा नामसारी गराउनु पर्दा सो गर्नुभन्दा अगावै त्यस्तो सवारी साधनमा लाग्ने कर तिर्नु पर्नेछ ।

६. दर्ता गर्ने अधिकारीले कर तिरेको निस्सा हेर्नु पर्ने:– सवारी साधनको नयाँ दर्ता गर्ने, दर्ता नवीकरण गर्ने वा नामसारी गरी दिने अधिकारीले सो गर्नुभन्दा अगावै कर तिरेको निस्सा जाँचीकन मात्र गरी दिनु पर्नेछ ।

७. जरिवाना गर्ने:– दफा ४ बमोजिमको म्यादभित्र करको रकम दाखिल नगरेमा कर अधिकृतले देहायबमोजिम जरिवाना गर्नेछ ।

(क) दाखिल गर्नु पर्ने म्याद नाघेको पहिलो तीस दिनसम्मलाई कर रकमको पाँच प्रतिशतसम्मको दरले ।

(ख) त्यसपछिको पैंतालीस दिनसम्मलाई कर रकमको दश प्रतिशतसम्मका दरले ।

(ग) त्यसपछि सो आर्थिक वर्षको अन्तसम्मलाई कर रकमको बीस प्रतिशतसम्मका दरले ।

८. कर तथा जरिवानाको रकम असूल गर्ने:– (१) यस ऐनबमोजिम लाग्ने कर र जरिवानाको रकम दफा ७ को खण्ड (ग) मा तोकिएको म्यादभित्र दाखिल नगरेमा कर अधिकृतले कर लागेको सवारी साधन रोक्का गरी उक्त सवारी साधन लीलाम बिक्री गरी सो रकम असूल उपर गरिनेछ ।

(२) उप–दफा (१) बमोजिम लीलाम बिक्री गर्दा पनि सबै रकम उपर हुन नसकेमा बाँकी रकम श्री ५ को सरकारले तोकेको अधिकारी वा कार्यालयबाट प्रचलित नेपाल कानूनको कार्यप्रणालीबमोजिम त्यस्तो करदाताको जायजात गरी असूल उपर गरिनेछ ।

३५ अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) उप–दफा (१) वा (२) बमोजिम कारवाई गरी असूल गर्दा असूल गर्नु पर्ने रकमभन्दा बढी रकम असूल हुन आएमा बढी भएजति रकम धरौटीमा आम्दानी बाँधिनेछ र यस्तो धरौटी रकम धरौटीमा रहेको दुई वर्षभित्र सम्बन्धित करदाताले भुक्तानी लिन सक्नेछ। सो म्यादभित्र भुक्तानी लिन नआएमा त्यस्तो धरौटी रकम श्री ५ को सरकार लाग्नेछ।

(४) उप–दफा (१) वा (२) बमोजिम लीलाम वा जायजाँदको कारवाई शुरू हुनु भन्दा अगावै करदाताले आफूलाई लाग्ने ठहरेको कर र जरिवानाको रकम बुझाउन ल्याएमा सो रकमको दश प्रतिशतका दरले थप जरिवाना समेत लगाई असूल गर्न सकिनेछ।

९. पुनरावेदनः– यस ऐन अन्तर्गत कर अधिकृतले दिएको आदेशमा चित्त नबुझ्ने व्यक्तिले त्यस्तो आदेश पाएको मितिले पैंतीस दिनभित्र राजस्व न्यायाधीकरणमा पुनरावेदन दिन सक्नेछ।

१०. समिति गठन गर्नेः– यो ऐन वा प्रचलित नेपाल कानूनबमोजिम लाग्ने कर निश्चित गर्नको लागि सवारी साधनको किसिम,स्तर वा क्षमता छुट्याउन समय समयमा आवश्यकतानुसार श्री ५ को सरकारले समिति गठन गर्न सक्नेछ। उक्त समितिका सदस्यहरू, काम कारवाई र कार्यविधि गठन आदेशमा तोकिएबमोजिम हुनेछ।

११. कर छुट दिन सक्नेः– (१) कुनै सवारी साधनमा लाग्ने कर सम्बन्धमा नियमद्वारा व्यवस्था गरी सोही नियममा तोकिएबमोजिम छुट दिन सकिनेछ।

(२) विदेशी सरकार वा कुटनैतिक सुविधा प्राप्त व्यक्तिको नाममा दर्ता रहेका सवारी साधन र अन्तर्राष्ट्रिय संझौता वा विदेशी सरकार वा अन्तर्राष्ट्रिय संस्थासंगको श्री ५ को सरकारले गरेको सम्झौता अन्तर्गतको सवारी साधनमा सवारी कर छुट दिन सक्नेछ।

१२. अधिकार प्रत्यायोजनः– यस ऐनबमोजिम कुनै कर अधिकृतलाई भएको अधिकार निजले लिखित आदेशद्वारा आफ्नो कार्यक्षेत्रभित्र परेको कुनै शाखा कार्यालयका प्रमुखलाई सुम्पन सक्नेछ र यसरी अधिकार सुम्पेको कुराको सूचना कर अधिकृतले कर निर्देशकलाई तुरुन्त दिनु पर्नेछ। यसरी सुम्पिएको अधिकारबमोजिम भए गरेको काम कारवाई कर अधिकृतले गरेको मानिनेछ।

१३. कर निर्देशकको अधिकारः– यस ऐनबमोजिम कुनै कर अधिकृतले गरेको कारवाई वा निर्णयमा कुनै कारवाईसम्बन्धी त्रुटी भएकोमा कर निर्देशकले कर अधिकृतलाई त्यस्तो त्रुटी सुधार गरी वा कारवाई नियमित गरी पुनः निर्णय गर्न आदेश दिन सक्नेछ।

१४. नियम बनाउनेः– यस ऐनको उद्देश्य कार्यान्वित गर्न श्री ५ को सरकारले नियम बनाउन सक्नेछ।

लालमोहर सदर मितिः– २०३१।६।२०।१

आज्ञाले–
त्रिभुवनप्रताप राणा
श्री ५ को सरकारको निमित्त सचिव

३५२

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ को सरकार

## कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छः—

२०३१ सालको ऐन नं. १६

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरूदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रवल गोरखादक्षिणवाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।

### केही नेपाल कानूनहरूमा संशोधन गर्न बनेको ऐन

प्रस्तावनाः— पारिश्रमिक र सुविधासम्बन्धी केही नेपाल कानूनहरूमा संशोधन गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ।

१. संक्षिप्त नाम र प्रारम्भः— (१) यस ऐनको नाम "केही नेपाल कानून (संशोधन) ऐन, २०३१" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. महालेखा परीक्षकको पारिश्रमिक, सेवाको शर्त तथा पदावधि ऐन, २०२३ (यसपछि "मूल ऐन" भनिएको) मा संशोधनः- मूल ऐनको दफा ७ को उप–दफा (२) मा रहेको "१५" भन्ने अंकको सट्टा "६" भन्ने अंक राखिएको छ।

३. सर्वोच्च अदालतका न्यायाधीशहरूको पारिश्रमिक, सेवाको शर्त र सुविधासम्बन्धी ऐन, २०२६ (यसपछि "मूल ऐन" भनिएको) मा संशोधनः— मूल ऐनको दफा ८ को उप-दफा (२) मा रहेको "पन्ध्र" भन्ने शब्दको सट्टा "छ" भन्ने शब्द राखिएको छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४. लोक सेवा आयोगका सदस्यहरूको पारिश्रमिक, सेवाको शर्त तथा सुविधासम्बन्धी ऐन, २०२६ (यसपछि "मूल ऐन" भनिएको) मा संशोधनः– मूल ऐनको दफा ७ को उप-दफा (२) मा रहेको "१५" भन्ने अङ्कको सट्टा "६" भन्ने अङ्क राखिएको छ।

५. निर्वाचन आयुक्तहरूको पदावधि, पारिश्रमिक र सेवाको अन्य शर्त तथा सुविधासम्बन्धी ऐन, २०२६ (यसपछि "मूल ऐन" भनिएको) मा संशोधनः– मूल ऐनको दफा ८ को उप-दफा (२) मा रहेको "१५" भन्ने अङ्कको सट्टा "६" भन्ने अङ्क राखिएको छ।

लालमोहर सदर मितिः– २०३१।६।२०।१

आज्ञाले–
त्रिभुवनप्रताप राणा
श्री ५ को सरकारको निमित्त सचिव

श्री ५ को सरकार

## कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ।

२०३१ सालको ऐन नं. २०

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध बिरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्र श्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।

### विशेष अदालत ऐन, २०३१

प्रस्तावनाः– नेपाल अधिराज्यको सुरक्षा, शान्ति र व्यवस्था कायम राख्न समय समयमा पर्न आउने केही सार्वजनिक महत्वका मुद्दाहरू विशेष अदालतहरूबाट छिटो कारवाई किनारा गराउनलाई विशेष अदालतहरूको गठन, अधिकार र मुद्दा सुम्पने सम्बन्धमा समयोचित व्यवस्था गर्न विशेष अदालतसम्बन्धी भइरहेको कानूनलाई संशोधन र एकीकरण गर्न वाञ्छनीय भएकोले,

३५६

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ।

१. संक्षिप्त नाम, विस्तार र प्रारम्भः– (१) यस ऐनको नाम "विशेष अदालत ऐन, २०३१" रहेको छ।

(२) यो ऐन नेपाल अधिराज्यभर तुरुन्त प्रारम्भ हुनेछ।

२. परिभाषाः– विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा–

(क) "विशेष अदालत" भन्नाले दफा ३ को उप-दफा (१) अन्तर्गत गठन भएको विशेष अदालत सम्झनु पर्छ।

(ख) "सूचित आदेश" भन्नाले नेपाल राजपत्रमा प्रकाशित श्री ५ को सरकारको आदेश सम्झनु पर्छ।

(ग) "उजूरी" भन्नाले निवेदन, प्रहरी प्रतिवेदन वा फिरादपत्र समेत सम्झनु पर्छ।

३. विशेष अदालतको गठन र मुकामः– (१) श्री ५ को सरकारले समय समयमा परेको वा पर्ने भएको कुनै खास वा खास प्रकारका मुद्दाको कारवाई किनारा गराउन विशेष अदालत गठन गर्नु पर्ने आवश्यक सम्झेमा सूचित आदेशद्वारा एक वा तीन सदस्य भएको विशेष अदालत गठन गर्न सक्नेछ र तीन सदस्यहरू भएको विशेष अदालत भए सो सदस्यहरूमध्ये एकलाई अध्यक्ष तोक्नेछ।

(२) विशेष अदालतका मुकाम सूचित आदेशद्वारा तोकिनेछ।

तर–

(क) कुनै खास मुकाम नतोकिई कुनै एक वा बढी अञ्चल वा जिल्लाभित्र जहाँसुकै इजलास कायम गर्न सक्ने गरी तोकिएकोमा साधारणतः सो अञ्चल वा जिल्लाको सदर मुकाममा विशेष अदालतको मुकाम रहनेछ।

(ख) विशेष अदालतले आफ्नो मुकाम अन्यत्र कायम गर्नु पर्दा वा एक ठाउँबाट अन्त सार्दा जनसाधारणको जानकारीका लागि कम्तिमा सातदिन अघिदेखि सो कुराको सूचना टाँस गरी प्रचार गर्नेछ।

स्पष्टिकरणः– खण्ड (क) को प्रयोजनका लागि सदर मुकाम भन्नाले अञ्चलका हकमा अञ्चलाधीश कार्यालय रहेको र जिल्लाका हकमा प्रमुख जिल्ला अधिकारीको कार्यालय रहेको सदरमुकाम सम्झनु पर्छ।

(३) श्री ५ को सरकारले यस ऐन अन्तर्गत जारी गरेको सूचित आदेश राष्ट्रिय पञ्चायतको अधिवेशन बसेको एक महीनाभित्र राष्ट्रिय पञ्चायतमा टेबुल गर्नु पर्नेछ।

४. सदस्य तोक्नेसम्बन्धी व्यवस्थाः– यो ऐन प्रारम्भ भएपछि श्री ५ को सरकारले एक सदस्य भएको विशेष अदालतको सदस्यमा कम्तिमा जिल्ला न्यायाधीश भइरहेको वा भइसकेको व्यक्तिलाई र तीन सदस्य भएको विशेष अदालतको एक सदस्यमा कम्तिमा जिल्ला न्यायाधीश भइरहेको वा भइसकेको व्यक्तिलाई र अर्को एक सदस्यमा अदालती कामको अनुभव भएको व्यक्तिलाई तोक्नेछ।

३८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

५. उजूरी र दायरी मुद्दा सुम्पने:– (१) श्री ५ को सरकारले समय समयमा परेको वा पर्ने भएको उजूरीबाट मुद्दा दायर गरी विशेष अदालतबाट कारवाई र किनारा गराउन उपयुक्त सम्झेमा सूचित आदेशद्वारा विशेष अदालतलाई त्यस्तो परेको उजूरी सुम्पन र पर्ने भएको उजूरी लिन तोक्न सक्नेछ।

(२) श्री ५ को सरकारले अन्य कुनै अड्डा अदालतमा प्रचलित नेपाल कानूनबमोजिम समय समयमा दायर रहेको कुनै खास वा खास प्रकारको मुद्दा विशेष अदालतबाट कारवाई किनारा गराउन उपयुक्त सम्झेमा सूचित आदेशद्वारा सो मुद्दा सम्बन्धित अड्डा अदालतबाट झिकी विशेष अदालतलाई सुम्पन सक्नेछ।

(३) अन्य कुनै नेपाल ऐन अन्तर्गत मुद्दा हेर्ने खास अदालत वा अधिकारी तोकिएको भए तापनि त्यस्तो मुद्दा त्यस्तो अदालत वा अधिकारीको सट्टा यो ऐनबमोजिम विशेष अदालतलाई कारवाई र किनारा गर्न सुम्पन वा तोक्न सकिनेछ।

(४) उप-दफा (१), (२) र (३) मा जेसुकै लेखिएपनि कुनै अड्डा वा अधिकारी समक्ष दायर भएको वा दायर हुने पुनरावेदन तहको कुनै मुद्दा वा सर्वोच्च अदालत वा क्षेत्रीय अदालतमा दायर भइरहेको उजूरी वा मुद्दा सुम्पन वा संविधान वा प्रचलित कानूनबमोजिम सर्वोच्च अदालत वा क्षेत्रीय अदालतमा पर्ने उजूरी विशेष अदालतलाई तोक्न सकिने छैन।

६. अधिकार क्षेत्र:– विशेष अदालतलाई मुद्दाको कारवाई र किनारा गर्दा यस ऐनमा लेखिए जतिमा यस ऐनबमोजिम र सो बाहेक अरूमा प्रचलित नेपाल कानूनबमोजिम जिल्ला अदालतलाई भए सरहको अधिकार हुनेछ र सो अदालतले प्रयोग गर्ने कार्यविधि अपनाउनेछ।

७. अवहेलना:– विशेष अदालतले आफ्नो अवहेलनामा कारवाई चलाउन सक्नेछ र अवहेलना ठहराएमा छ महीनासम्म कैद वा एक हजार रूपैयाँसम्म जरिवाना वा दुबै सजाय गर्न सक्नेछ।

तर, विशेष अदालतलाई सन्तोष हुने गरी अभियुक्तले क्षमा याचना गरेमा विशेष अदालतले अभियुक्तलाई रिहाई दिन वा सजाय तोकिसकेको भए सो सजाय माफ गर्न वा घटाउन सक्नेछ।

८. अधिकार क्षेत्रको प्रयोग:– (१) एक सदस्य भएको विशेष अदालतको अधिकार क्षेत्रको प्रयोग सो अदालतको सदस्यले गर्नेछ।

(२) तीन सदस्य भएको विशेष अदालतको अधिकार क्षेत्रको प्रयोग देहायबमोजिम हुनेछ:–

(क) अदालतको अधिकार क्षेत्रको प्रयोग तीनै सदस्यले सामूहिक रूपले गर्नेछ।

तर, अध्यक्ष र अर्को एक सदस्य उपस्थित भएको इजलासले मुद्दाको कारवाई र किनारा गर्न र अध्यक्ष बाहेक अरू दुई सदस्य भएको इजलासले मुद्दाको कारवाई गर्न सक्नेछ।

(ख) तीन सदस्य उपस्थित भएको इजलासमा तीनै सदस्यको एकमत वा दुई सदस्यको बहुमत कायम भए सोही मत अदालतको निर्णय मानिनेछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) दुई सदस्य मात्र उपस्थित भएको इजलासमा दुबै सदस्यको एकमत कायम भए सो मत बहुमत हुँदा अदालतको निर्णय मानिनेछ।

(घ) दुई सदस्य उपस्थित भएको इजलासमा एकमत कायम नभए कारवाईको हकमा अध्यक्ष सहितको इजलास भए अध्यक्षको रायबमोजिम र अध्यक्ष बाहेकको इजलास भए सदस्य तोकिएको नाम क्रमानुसार वरिष्ठ सदस्यको रायबमोजिम गर्नु पर्छ। फैसला वा अन्तिम आदेशका हकमा पहिले अनुपस्थित रहने सदस्य समक्ष पेश गरी निजले समर्थन गरेको राय अदालतको निर्णय मानिनेछ ।

(ङ) तीनै सदस्य उपस्थित भएको इजलासमा तीन मत भए कारवाईका हकमा अध्यक्षको रायबमोजिम गर्नु पर्छ र फैसला वा अन्तिम आदेशको हकमा पुनरावेदन सुन्ने अदालतमा साधक जाहेर गरिनेछ।

(च) खण्ड (घ) बमोजिम पहिलो अनुपस्थित रहने सदस्य समक्ष पेश हुँदा पनि बहुमत कायम हुन नआएकोमा पनि खण्ड (ङ) बमोजिम हुनेछ ।

९. कार्यविधि तथा अधिकारः– (१) विशेष अदालतको कार्यविधि देहायबमोजिमको हुनेछः–

(क) विशेष अदालतले आफू कहाँ परेको मुद्दा मामिलामा प्रतिवादि वा साक्षी हाजिर हुने म्याद पठाउँदा बाटाका म्याद बाहेक प्रतिवादीको निमित्त विदेशमा रहेको भए तीस दिनसम्मको, नेपाल अधिराज्यभित्र रहेको भए दश दिनसम्मको र साक्षीको निमित्त सात दिनसम्मको अवधि तोकी समाह्वान जारी गर्न सक्नेछ।

तर, प्रतिवादीको नाममा समाह्वान जारी गर्दा विशेष अदालतले उजूरीमा टेकिएको आधार र निज उपर परेको दावाको विवरण खोली पठाउनु पर्छ।

(ख) विशेष अदालतमा परेको मुद्दा मामिलामा गुज्रेका म्याद तारीख थमाउन सकिने छैन।

तर, म्याद तारीख गुज्रेको सात दिनभित्र थामी माग्ने पक्षले आफ्नू काबुभन्दा बाहिरको परिस्थितिले गर्दा म्याद तारीख गुज्रेको हो भन्ने विशेष अदालतलाई लागेमा त्यसरी गुज्रेको म्याद तारीख एक पटकसम्म र विशेष अदालतमा वर्षदिनभन्दा बढी मुद्दाको कारवाई चालू नै रहेमा प्रत्येक वर्षका लागि सात दिनसम्मको तारीख गुज्रेमा थामिन सक्नेछ ।

(ग) विशेष अदालतले प्रचलित नेपाल कानूनले तोकेको म्यादभित्र मुद्दा किनारा गर्नु पर्नेछ। त्यसरी म्यादभित्र मुद्दा किनारा हुन नसकेकोमा मुनासिब कारण खोली म्याद थपको माग भएमा श्री ५ को सरकारले ६।६ महीनाको पटक गरी आवश्यक म्याद थपिदिन सक्नेछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) विशेष अदालतको अधिकार देहायबमोजिमको हुनेछः–

(क) वास्तविक तथ्य पत्ता लगाई मुद्दामा न्याय दिनको लागि आवश्यक सम्झे जुनसुकै मुद्दामा सरजमिन गर्न र वादी प्रतिवादीको साक्षी प्रमाण बाहेकको पनि साक्षी प्रमाण बुझ्न।

(ख) म्यादमा हाजिर नहुने प्रतिवादी र साक्षीलाई वारेन्ट जारी गरी पक्री बयान बकपत्र गराउन।

त्यसरी वारेन्ट जारी भएकोमा बाटोको म्याद बाहेक सात दिनसम्ममा पनि गिरफ्तार हुन नसके सो म्याद नाघ्नासाथ अदालती बन्दोबस्तको महलको नम्बर ६६ मा जेसुकै लेखिए तापनि तीस दिने म्याद जारी हुनु पर्छ।

(ग) मुद्दाका सबै वा कुनै पक्षलाई पछि आवश्यक परेको बखत झिकाउने गरी तारीखमा नराखी पुर्पक्ष गरी दिन र यसरी तारीख टुटाएकोमा पछि झिकाउनु पर्दा बाटाको म्याद बाहेक सात दिनभित्र हाजिर हुने म्याद जारी गर्न।

(घ) आफू कहाँ दायर भएको फौज्दारी मुद्दाको अभियुक्त वा पोलिएको व्यक्तिको अपराध सम्बन्धित प्रमाण फेला पर्ने संभावना भएको कुनै घर वा सवारीको खानतलासी गर्न आवश्यक सम्झे खानतलासी आदेश जारी गरी आफैं वा आफ्नो कुनै कर्मचारी वा घटीमा सहायक निरीक्षकसम्मको प्रहरीद्वारा खानतलासी गराउन।

तर, खानतलासीको लागि कसैको घरमा प्रवेश गर्नु पर्दा प्रचलित नेपाल कानूनको रीत पुऱ्याउनु पर्नेछ।

(ङ) प्रचलित नेपाल कानूनमा जेसुकै लेखिए पनि नालिस उजूर गर्ने हद म्याद गुज्रेको मनासिब कारण देखाई सो गुज्रेको छ महीनासम्म थामी माग्न आए थामी दिन।

(च) प्रचलित नेपाल कानूनबमोजिम मिलापत्र गराउँदा मुद्दाको कुनै पक्ष बक्सौनीको सबै वा केही अंश तिर्न असमर्थ छ भन्ने लागेमा बक्सौनीको सबै वा केही अंश निजका हकमा नलाग्ने गर्न।

(छ) प्रचलित नेपाल कानूनमा जेसुकै लेखिए पनि अभियुक्तलाई थुनामा राखी मुद्दाको पुर्पक्ष गर्नु पर्ने पर्याप्त र मुनासिब कारण भए सो र सो सम्बन्धमा सरकारी वकीलको समेत कुनै जिकीर भए सो समेत खुलाई पर्चा खडा गरी अभियुक्तलाई थुनामा राखी पुर्पक्ष गर्न,

त्यसरी थुनामा राखी पुर्पक्ष गरेकोमा अभियुक्तको चित्त नबुझी निजले विशेष अदालत मार्फत उजूरी दिएमा पुनरावेदन सुन्ने अदालतमा निजको उजूरी र थुनामा राख्ने पर्चा तीन दिनभित्र पठाई सो अदालतबाट भएको आदेश बमोजिम गर्नु पर्छ।

809 आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१०. पुनरावेदनः– विशेष अदालतको फैसला वा अन्तिम आदेश उपर क्षेत्रीय अदालतमा पुनरावेदन लाग्नेछ ।

११. विशेष अदालतको विघटनः– श्री ५ को सरकारले उपयुक्त सम्झेमा सूचित आदेशद्वारा कुनै विशेष अदालतलाई विघटन गर्न सक्नेछ ।

१२. विघटन भएको विशेष अदालतको दायरी मुद्दाः– (१) दफा ११ बमोजिम कुनै विशेष अदालत विघटन भएमा विघटन हुँदा सो विशेष अदालतमा दायर रहेको मुद्दा वा उजूरी सम्बन्धित अञ्चल अदालतमा सर्नेछ ।

(२) उप-दफा (१) बमोजिम सरेको मुद्दाका हकमा अञ्चल अदालतले शुरू मुद्दा हेर्ने अधिकार क्षेत्र प्रयोग गरी प्रचलित नेपाल कानूनबमोजिमको कार्यविधि अपनाई कारवाई किनारा गर्नेछ र मुद्दाको रूपमा दायर भई नसकेको उजूरीका हकमा भने प्रचलित नेपाल कानूनबमोजिम दायर हुने भए दायर गरी माथि लेखिएबमोजिम कारवाई र किनारा गर्नेछ ।

१३. प्रधान न्यायाधीशको परामर्श लिनेः– श्री ५ को सरकारले यस ऐन अन्तर्गत आदेश जारी गर्दा नेपालको प्रधान न्यायाधीशसंग परामर्श गर्नेछ ।

तर, त्यस्तो परामर्शको सम्बन्धमा कुनै अदालतमा कुनै प्रश्न उठाउन सकिने छैन ।

१४. रूपान्तरः– प्रचलित अन्य नेपाल कानूनमा नेपाल विशेष अदालत ऐन, २०१३ को उल्लेख भइरहेकोमा विशेष अदालत ऐन, २०३१ रही रूपान्तर भएको मानिनेछ ।

१५. भइरहेको विशेष अदालत कायम रहनेः– नेपाल विशेष अदालत ऐन, २०१३ अन्तर्गत गठन भएको विशेष अदालतहरू यसै ऐन अन्तर्गत गठन भएको मानी कायम रहनेछन् । र तिनमा दायर रहेका मुद्दा ती अदालतले कारवाई किनारा गर्न कानूनी हुनेछ ।

१६. अघि भएको काम कारवाई कानूनी मानिनेः– नेपाल विशेष अदालत ऐन, २०१३ र त्यसमा समय समयमा भएका संशोधनहरू सो अन्तर्गत भए गरेको सबै काम कारवाई फैसला वा आदेश कानूनी तवरले भएको मानिनेछ ।

१७. नियम बनाउने अधिकारः– यस ऐनको उद्देश्य कार्यान्वयन गर्नको लागि श्री ५ को सरकारले नियमहरू बनाउन सक्नेछ ।

१८. खारेजीः– नेपाल विशेष अदालत ऐन, २०१३ (समय समयमा भएका संशोधन सहित) खारेज गरिएको छ ।

लालमोहर सदर मितिः– २०३१।६।२०११

आज्ञाले–
त्रिभुवनप्रताप राणा
श्री ५ को सरकारको निमित्त सचिव

४०२

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ को सरकार

## कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छः–

२०३१ सालको ऐन नं. २१

**स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।**

### सार्वजनिक सडक निर्माण, संभार तथा विस्तार गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

प्रस्तावनाः– सर्वसाधारण जनताको सुविधा तथा आर्थिक हित कायम राख्नको लागि सबै किसिमको सार्वजनिक सडकहरूको वर्गीकरण गरी तिनीहरूको निर्माण, संभार, विस्तार वा सुधार गर्न आवश्यक पर्ने जग्गा प्राप्त गर्न र त्यस्को लागि मुनासिब माफिकको मुआब्जा वितरण गर्न सार्वजनिक सडकबाट लाभान्वित हुने सडक छेउका जग्गावालाहरूबाट विकास कर असूल गर्ने व्यवस्था समेत गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ ।

### परिच्छेद–१

### प्रारम्भिक

१. संक्षिप्त नाम, विस्तार र प्रारम्भः– (१) यस ऐनको नाम "सार्वजनिक सडक ऐन, २०३१" रहेको छ ।

(२) यो ऐन नेपाल अधिराज्यभर लागू हुनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) यस ऐनको परिच्छेद ४ श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकेको मितिदेखि तोकेको इलाका वा क्षेत्रमा प्रारम्भ हुनेछ र अरू दफाहरू तुरुन्त प्रारम्भ हुनेछन् ।

२. परिभाषाः– विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा–

(क) "सार्वजनिक सडक" भन्नाले कसैको निजी भोगचलनमा नरहेको सडक सम्झनु पर्छ र सो शब्दले त्यस्तो सडकमा पर्ने सबै किसिमका पुल, कज्वे, कलभर्ट, फुटपाथलाई समेत जनाउँछ ।

(ख) "सडक सिमा" भन्नाले सार्वजनिक सडक र त्यस्तो सडकको केन्द्र रेखाको दायाँ बायाँ दफा ३ बमोजिम तोकिएको जग्गाको क्षेत्र सम्झनु पर्छ ।

(ग) "जग्गा" भन्नाले जुनसुकै जग्गा सम्झनु पर्छ र सो शब्दले त्यस्तो जग्गामा रहेको टहरा, घर, इमारत, रूख, इत्यादि र सोसंग स्थायीरूपले जोडिएको चिज वस्तुलाई समेत जनाउँछ ।

(घ) "स्थानीय अधिकारी" भन्नाले श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकेको अधिकारी सम्झनु पर्छ र त्यसरी नतोकुन्जेल प्रमुख जिल्ला अधिकारीलाई जनाउँछ ।

(ङ) "सडक विभाग" भन्नाले श्री ५ को सरकारको सडक विभाग सम्झनु पर्छ ।

(च) "तोकिएको वा तोकिएबमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिएबमोजिम सम्झनु पर्छ ।

## परिच्छेद–२

## सार्वजनिक सडकको वर्गीकरण, सडक सीमा र जग्गा प्राप्ति

३. सार्वजनिक सडकहरूको वर्गीकरण तथा तिनको सडक सीमाः– श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी सार्वजनिक सडकलाई देहायबमोजिम वर्गीकरण गरी त्यस्तो सडकको केन्द्र रेखादेखि दायाँ बायाँ दुवैतिर एकतीस एकतीस मीटरमा नबढाई सडक सीमा तोक्नेछ । तर एकै किसिमको सडकको सम्पूर्ण लम्बाईमा पनि भौगोलिक स्थिति (टोपोग्राफी) र वस्तीको कारण त्यस्तो सडक सीमा कम बेश गरी तोक्न सकिनेछ ।

(क) राजमार्ग,

(ख) सहायक मार्ग,

(ग) जिल्ला मार्ग र

(घ) शहरी मार्ग ।

४. सार्वजनिक सडकको निमित्त जग्गा प्राप्त गर्नेसम्बन्धी कारवाईः–(१) कुनै सार्वजनिक सडकको निर्माण, विस्तार वा सुधार गर्न कुनै जग्गा प्राप्त गर्नु परेमा श्री ५ को सरकारले त्यस सम्बन्धमा आवश्यक कारवाई चलाउन स्थानीय अधिकारीलाई आदेश दिनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उप–दफा (१) बमोजिम आदेश भएपछि स्थानीय अधिकारीले त्यस्तो जग्गा प्राप्त गर्ने सम्बन्धमा प्रारम्भिक कारवाई चलाउन देहायबमोजिमको कुनै काम कारवाई गर्न सक्नेछः–

(क) त्यस्तो जग्गाको नाप नक्सा लिने वा सर्भे गर्ने,

(ख) त्यस्तो जग्गा प्राप्त गर्न उपयुक्त छ वा छैन भन्ने कुरा एकिन गर्न आवश्यक जाँचबुझ गर्ने,

(ग) त्यस्तो जग्गामा साँध किल्ला खडा गर्ने, खाडल खन्ने, बोरिङ्ग गर्ने वा अरू कुनै प्रकारले निशाना लगाउने,

(घ) खण्ड (क) देखि खण्ड (ग) सम्मको कुनै काम कारवाई गर्दा त्यस्तो जग्गामा रोपेको रुख बाली काट्न वा उखेल्न वा कुनै छेकावार वा परखाल हटाउन वा भत्काउन आवश्यक भए सो समेत गर्ने ।

५. जग्गा प्राप्तसम्बन्धी सूचनाको प्रकाशनः– दफा ४ बमोजिम प्राप्त गरिने भएको जग्गाको सम्बन्धमा स्थानीय अधिकारीले प्रारम्भिक कारवाई समाप्त गरेपछि त्यस्तो जग्गा प्राप्त गर्नको लागि देहायको विवरण खुलाई श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गर्नेछः–

(क) जग्गा प्राप्त गर्नु परेको कारण,

(ख) त्यस्तो जग्गा रहेको पञ्चायतको नाम र वडा नम्बर,

(ग) त्यस्तो जग्गाको चार किल्ला र क्षेत्रफल वा माटोमुरी,

(घ) त्यस्तो जग्गामा लागेको मालपोतको अङ्क ।

६. जग्गा प्राप्त गर्दा मुआब्जा दिइने:– (१) दफा ५ बमोजिम प्राप्तगरिने जग्गाको मुआब्जा नगदीमा दिइनेछ ।

तर, श्री ५ को सरकारले मुआब्जा बापत नगदको साटो जग्गा पनि दिन सक्नेछ ।

(२) उप–दफा (१) बमोजिम दिइने मुआब्जाको दर दफा १० बमोजिम मुआब्जा निर्धारण समितिको सिफारिशमा श्री ५ को सरकारले तोकेबमोजिमको हुनेछ ।

(३) यस दफामा जेसुकै लेखिए पनि गुठी संस्थानको तैनाथी र अधीनस्थ जग्गा र भिड्ने घडेरी बाहेक दर्ता तिरो नभएको अरू जग्गाको कुनै मुआब्जा दिइने छैन र मुआब्जा पाउने जग्गा हो भन्ने कुराको प्रमाण मुआब्जा दावी गर्नेले पेश गर्नु पर्नेछ ।

७. मुआब्जाको वितरण र सोसम्बन्धी सूचनाको प्रकाशनः– (१) दफा ५ बमोजिम प्राप्त गरिने जग्गाको मुआब्जा स्थानीय अधिकारीले वितरण गर्नेछ ।

(२) उप–दफा (१) को प्रयोजनको लागि मुआब्जामा दावी पुग्न सक्ने व्यक्तिहरूको आ-आफ्नो के कस्तो हकदैया वा भोग चलन रहेको हो, त्यसको निस्सा प्रमाण सहित निवेदन दिन आउनु भनी कम्तिमा पैंतीस दिनको म्याद तोकी स्थानीय अधिकारीले सूचना जारी गर्नेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) उप–दफा (२) बमोजिमको सूचनाको एक एक प्रति स्थानीय अधिकारीको कार्यालय, सम्बन्धित गाउँ वा नगर पञ्चायतको कार्यलय र प्राप्त गरिने जग्गा वा त्यसको आसपासमा सर्वसाधारणले देख्न सक्ने ठाउँमा टाँस्नु पर्नेछ र त्यस्तो सूचनालाई प्रमुख पत्र-पत्रिकामा समेत प्रकाशित गराउन पर्नेछ।

(४) उप–दफा (३) मा लेखिएको काम कारवाईको सिलसिलामा कुनै व्यक्तिको घर–सित जोडिएको वा परखालले घेरिएको जग्गा, आँगन वा बगैंचामा प्रवेश गर्नु अघि कम्तिमा चौबीस घण्टाको सूचना दिइ प्रवेश गर्नु पर्छ।

८. मुआब्जा पाउनेको नामावली र त्यस उपरको उजूरी:– (१) दफा ७ को उप–दफा (२) को म्यादभित्र प्राप्त भएको निवेदन उपर स्थानीय अधिकारीले कारवाई गरी मुआब्जा पाउने ठहरिएका व्यक्तिहरूको नामावली र तिनीहरूले पाउने मुआब्जाको अङ्क समेत खोली सूचना जारी गर्नेछ र त्यसरी सूचना जारी गर्दा दफा ७ को उप–दफा (३) बमोजिमको कार्यविधि अपनाउन पर्नेछ।

(२) उप–दफा (१) बमोजिम प्रकाशित भएको नामावलीमा चित्त नबुझ्ने व्यक्तिले त्यस्तो सूचना पहिलो पटक प्रकाशित भएको पैंतीस दिनभित्र स्थानीय अधिकारी समक्ष उजूर गर्न सक्नेछ।

(३) उप–दफा (२) बमोजिम परेको उजूरीमा स्थानीय अधिकारीले अविलम्ब किनारा लगाउनेछ र तेरो मेरो वा हक भोगसम्बन्धी भएमा त्यस उपर कुनै कारवाई नगरी अदालतको अन्तिम निर्णयबाट हकदैया कायम गरी आउने व्यक्तिलाई यस ऐनबमो-जिम पाउने मुआब्जा दिइनेछ भन्ने कुराको सूचना स्थानीय अधिकारीले सम्बन्धित व्यक्ति-हरूलाई दिनु पर्नेछ र त्यस्तो सूचनामा मुआब्जा धरौटी रहेको कार्यालयको नाम समेत उल्लेख गरी दिनु पर्छ।

(४) प्रचलित नेपाल कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि उप-दफा (३) बमोजिम तेरो मेरो सम्बन्धमा उजूरी परी अदालतको अन्तिम निर्णयबमोजिम त्यस्तो मुआब्जा पाउने ठहरिएको व्यक्तिले निर्णय भएको मितिले वर्ष दुईभित्र मुआब्जा लिन नआएमा सो श्री ५ को सरकार लाग्नेछ।

९. जग्गा कब्जामा लिने अधिकार:– (१) दफा ५ बमोजिम सूचना प्रकाशित भएपछि दफा ७ को उप–दफा (२) बमोजिम सूचना जारी गरी स्थानीय अधिकारीले जुनसुकै बखत सम्बन्धित जग्गा कब्जामा लिन सक्नेछ।

तर कुनै घर, इमारत वा टहरा र सोसित जोडिएको जग्गाको हकमा भने सो बापत दिने ठहरिएको मुआब्जा नदिएसम्म त्यसलाई कब्जामा लिन हुँदैन।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उप–दफा (१) बमोजिम कब्जामा लिइने भएको जग्गामा रहेको कुनै बाली वा रूख वा अरू कुनै वस्तु समेतको मुआब्जा दिने गरी जग्गा लिएकोमा बाहेक सम्बन्धित व्यक्तिले त्यस्तो बाली, रूख वा अरू चीज वस्तु मुनासिव समयभित्र उठाई नलगेसम्म त्यस्तो जग्गा कब्जामा लिन हुँदैन।

तर तत्काल त्यस्तो जग्गालाई कब्जामा लिनु पर्ने आवश्यक भएमा भने त्यस्तो बाली, रूख वा चीज वस्तुको निमित्त मुआब्जा दिने गरी त्यस्तो जग्गा कब्जामा लिन सकिनेछ।

१०. मुआब्जा निर्धारण समितिः– (१) दफा ८ को प्रयोजनको निमित्त मुआब्जा निर्धारण गर्न श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी एक मुआब्जा निर्धारण समिति (यसपछि "समिति" भनिएको) र आवश्यक परेको कुनै जिल्ला वा अञ्चलको निमित्त मुआब्जा निर्धारण उप–समिति (यसपछि "उप–समिति" भनिएको) गठन गर्न सक्नेछ र त्यस्तो समिति र उप–समितिमा रहने अध्यक्ष, सदस्य र सदस्य–सचिव सोही सूचनामा तोकिएबमोजिम हुनेछ।

(२) उप–दफा (१) बमोजिम उप–समिति गठन भएकोमा त्यस्तो उप–समितिले मुआब्जा निर्धारण गर्दा समितिको नीति निर्देशनको अधीनमा रही निर्धारण गर्नेछ।

(३) समिति र उप–समितिको काम, कर्तव्य तथा अधिकार तोकिएबमोजिम हुनेछ।

११. मुआब्जा निर्धारण गर्दा विचार राख्नु पर्ने कुराः– यस ऐनबमोजिम प्राप्त गरिने जग्गा बापत दिइने मुआब्जाको रकम निर्धारण गर्दा देहायको कुराको विचार राखिनेछः–

(क) दफा ५ बमोजिम सूचना प्रकाशित गर्दाको समयमा त्यस्तो जग्गाको वास्तविक प्रचलित मोल,

(ख) जग्गा प्राप्त गर्दा त्यस्तो जग्गामा लागेको रूख, बाली वा अन्य कुनै चीज सहित प्राप्त गरेकोमा सरोकारवाला व्यक्तिले सो बापत व्यहोर्नु परेको नोक्सानी,

(ग) जग्गा प्राप्त गरेको कारणले सरोकारवाला व्यक्तिहरूले आफ्नो बसोवास वा कारोवारको ठाउँ अन्यत्र सार्न परेबाट व्यहोर्नु परेको नोक्सानी र

(घ) श्री ५ को सरकारले यस सम्बन्धमा तोकेको अन्य कुरा।

१२. जग्गाको लगत कट्टा गर्नेः– (१) यस ऐनबमोजिम प्राप्त गरिने भएको जग्गालाई दफा ६ बमोजिम स्थानीय अधिकारीले कब्जामा लिएको मितिदेखि त्यस्तो जग्गामा सम्बन्धित जग्गावाला वा अरू कसैको कुनै किसिमको हकभोग कायम नरही श्री ५ को सरकारको स्वामित्व हुनेछ।

(२) उप–दफा (१) बमोजिम श्री ५ को सरकारको स्वामित्व हुन आएको जग्गाको सम्बन्धमा साविकको जग्गावालाको दर्ता तिरो भए सो लगत कट्टा गर्न स्थानीय अधिकारीले जग्गा कब्जामा लिएको सात दिनभित्र कारवाई चलाउनेछ र त्यस्तोमा जुनसुकै मितिमा लगत कट्टा भए तापनि श्री ५ को सरकारको स्वामित्व हुन आएको मितिदेखि नै लगत कट्टा भएको मानिनेछ।

४०८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

तर, त्यसरी लगत कट्टा गर्दाको अवस्थामा त्यस्तो कुनै जग्गाको मालपोत वा अन्य कुनै कर तिर्न बाँकी रहेको भए लगत कट्टा भएपछि पनि त्यस्तो बाँकी मालपोत वा कर प्रचलित नेपाल कानूनबमोजिम साविकको जग्गावालाबाट असूल उपर गर्न यस दफाले बाधा पुऱ्याएको मानिने छैन।

१३. सरोकारवाला व्यक्तिले उजूर गर्न पाउने:– दफा ८ बमोजिम प्रकाशित सूचनामा तोकिएको मुआब्जामा चित्त नबुझ्ने व्यक्तिले त्यस्तो सूचना प्रकाशित भएको वा प्राप्तगरेको मितिमा जुनपछि हुन्छ, त्यसको पैंतीस दिनभित्र श्री ५ को सरकार निर्माण तथा यातायात मन्त्रालय समक्ष उजूर गर्न सक्नेछ।

परिच्छेद–३

सार्वजनिक सडकको रेखदेख, संभार र अन्य व्यवस्था

१४. सडक निर्माण, विस्तार वा सुधार गर्दा अरू जग्गा अधिग्रहण गर्न सकिने:– (१) कुनै सार्वजनिक सडकको निर्माण, विस्तार वा सुधार गर्ने काम पूरा नभएसम्म देहायको कामको लागि सडक विभागले कुनै जग्गा अस्थायी रूपले अधिग्रहण गर्न सक्नेछ।

(क) त्यस्तो सडकको निर्माण, विस्तार वा सुधार गर्न आवश्यक निर्माणका सरसामान उपकरण राख्न वा त्यस्तो निर्माण विस्तार वा सुधारसम्बन्धी कार्यको रेखदेख वा नियन्त्रण गर्ने व्यक्तिहरू बस्ने घर, कटेरो बनाउन,

(ख) त्यस्तो सडकको निर्माण, विस्तार वा सुधार गर्ने कार्य सम्पन्न नभएसम्म त्यस्तो सडकबाट हुने आवागमन चालू राख्न वा निर्माण पूरा नभएसम्म सो सम्बन्धी सरसामान वा उपकरण ओसार पसार गर्न आवश्यक पर्ने अस्थायी किसिमको छुट्टै सडक बनाउन।

(२) उप–दफा (१) मा उल्लेखित कामको लागि विशेष स्थिति परेमा बाहेक देहायको घर जग्गा अधिग्रहण गर्न हुँदैन।

(क) कुनै व्यक्तिले आफ्नो बासस्थानको निमित्त प्रयोग गरी राखेको घर, टहरा वा इमारत,

(ख) देवस्थल, स्कूल, अस्पताल, धर्मशाला वा अनाथालयको निमित्त प्रयोग भई रहेको जग्गा।

(३) उप–दफा (१) बमोजिम अधिग्रहण गरेको जग्गा जुन कार्यको निमित्त अधिग्रहण गरिएको हो, सो कार्य सम्पन्न भएपछि त्यस्तो जग्गा सम्बन्धित जग्गावाला वा निजको हकवालालाई भरसक अधिग्रहण गर्दाको अवस्थामा फिर्ता गरी दिनु पर्नेछ।

१५. अधिग्रहण गरिने जग्गाको क्षतिपूर्ति र त्यसको निर्धारण:– देहायको अवस्थामा बाहेक दफा १४ बमोजिम कुनै जग्गा अधिग्रहण गर्दा कुनै क्षतिपूर्ति दिइने छैन:–

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क) कुनै घर, टहरा वा इमारत सहित कुनै जग्गा अधिग्रहण गरेकोमा त्यस्तो घर, टहरा वा इमारतको धनीले सो घर, टहरा वा इमारत उपभोग गर्न नपाए बापतको क्षति,

(ख) बालीनाली लगाउने समय नाघ्ने गरी कुनै जग्गा अधिग्रहण गरिएमा त्यस्तो बालीनाली लगाउन नपाए बापत सम्बन्धित जग्गावालाले व्यहोर्नपरेको नोक्सानी,

(ग) अधिग्रहण गरिएको जग्गामा कुनै अस्थायी सडक बनाएको वा निर्माणका सरसामान राखेको फलस्वरूप सो जग्गालाई अधिग्रहण गर्दाको स्थितिमा ल्याउन त्यस्तो जग्गा फिर्ता पाउने व्यक्तिले व्यहोर्न पर्ने जति रकम ।

(२) उप-दफा (१) बमोजिमको क्षतिपूर्तिको रकमको निर्धारण देहायबमोजिम गरिनेछः–

(क) सडक विभाग र सम्बन्धित जग्गाधनीको बीच सम्झौता भएमा सोहीबमोजिम,

(ख) खण्ड (क) बमोजिम सम्झौता हुन नसकेमा मध्यस्थताद्वारा निर्धारण गरिनेछ र त्यसको प्रयोजनको लागि निम्नलिखित मध्यस्थहरु रहने छन्ः–

(१) जिल्ला पञ्चायतले तोकेको एकजना जिल्ला पञ्चायत वा स्थानीय पञ्चायतको सदस्य,

(२) प्रमुख जिल्ला अधिकारी र

(३) भूमि प्रशासन कार्यालय वा माल अड्डाको हाकिम ।

१६. सडकको दायाँ बायाँ रूख लगाउने र त्यसको रेखदेखः– (१) सडक विभागले आवश्यकतानुसार सार्वजनिक सडकको दायाँ बायाँ रूख लगाउनु पर्नेछ ।

(२) उप–दफा (१) बमोजिम लगाइएका रूखहरूको रेखदेख र संरक्षण गर्ने कर्तव्य सम्बन्धित गाउँ वा नगर पञ्चायतको हुनेछ ।

(३) उप–दफा (१) बमोजिम लगाइएको रूखको काँटछाँट गर्ने वा त्यस्तो रूखले आवागमनमा बाधा पुऱ्याएमा त्यसलाई हटाउने जिम्मेवारी सडक विभागको हुनेछ ।

१७. आसपासको जग्गाबाट माटो, ढुङ्गा वा बालुवा लिन सकिनेः– (१) सार्वजनिक सडकको निर्माण, मर्मत वा सम्भारको सम्बन्धमा कुनै आसपासको जग्गाबाट माटो, ढुङ्गा वा बालुवा लिन आवश्यक परेमा सडक विभागको आदेशानुसार आवश्यक परिमाणमा माटो, ढुङ्गा वा बालुवा लिन सकिनेछ । त्यस्तो जग्गाबाट माटो, ढुङ्गा वा बालुवा लिंदा त्यस्मा रहेको कुनै बाली रूख बिरूवा वा अन्य कुनै चीज वस्तुको नोक्सानी भएमा क्षतिपूर्ति दिनु पर्नेछ ।

(२) उप–दफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै घरको निकट आसपासको जग्गाबाट माटो, ढुङ्गा वा बालुवा लिनु परेमा भने सम्बन्धित घरधनीको स्वीकृती प्राप्त नगरी त्यस्तो जग्गाबाट माटो, ढुङ्गा वा बालुवा लिन हुँदैन ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१८. सार्वजनिक सडकको आवागमनमा बाधा पुऱ्याउने माल वस्तु हटाउने अधिकार:– (१) कसैले सार्वजनिक सडकमा कुनै माल वस्तु छोडेको, राखेको वा फालेको कारणबाट त्यस्तो सडकको आवागमनलाई कुनै किसिमले बाधा पुऱ्याएको भए त्यस्तो माल वस्तु हटाउनको निमित्त मुनासिब माफिकको अवधि तोकी सरोकारवाला व्यक्तिको नाउँमा सडक विभागले आदेश जारी गर्न सक्नेछ ।

(२) उप–दफा (१) बमोजिम जारी भएको आदेशको अवधिभित्र नहटाएको वा धनी पत्ता नलागेको माल वस्तुलाई सडक विभागले सडकको छेउ लगाई राख्न वा आफ्नो कब्जामा राख्ने गरी अन्यत्र लैजान सक्नेछ ।

(३) उप–दफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सार्वजनिक सडकमा छाडिएको, राखिएको वा फालिएको कुनै माल वस्तुले त्यस्तो सडकको सम्पूर्ण आवागमनलाई अवरोध पुराएमा त्यस्तो माल वस्तुलाई तुरुन्त सडकबाट हटाउने अधिकार सडक विभागलाई हुनेछ ।

(४) उप–दफा (१) मा उल्लिखित माल वस्तु बाहेक सार्वजनिक सडकको दायाँ बायाँ रहेको कुनै घर वा परखालमा सडकपट्टि निस्कने गरी राखिएको, जडिएको वा बनाइएको कुनै चीज वस्तु वा ढोका वा रूखको हांगा वा लहरा वा तारले त्यस्तो सडकमा हुने आवागमनमा अवरोध हुन गएको छ भन्ने ठहराएमा त्यस्तो अवरोधलाई हटाउन वा अवरोध नहुने गरी मिलाई राख्न सरोकारवाला व्यक्तिको नाउँमा मुनासिब माफिकको म्याद तोकी सडक विभागले आदेश जारी गर्न सक्नेछ र त्यस्तो आदेशमा सम्बन्धित चीज वस्तु वा ढोकालाई राख्ने, बनाउने वा जड्ने ढाँचा र रूख वा लहरालाई काँटछाँट गरी कायम गर्नु पर्ने उचाई समेत तोक्न सक्नेछ ।

तर, यो ऐन लागू हुनुअघि बनेको वा रहेको कुनै चीज वस्तु वा ढोकालाई हटाउन पर्ने भएमा त्यस बापतको क्षतिपूर्ति दिई र केही फेर बदलसम्म गर्नु पर्ने भएमा त्यस बापत लाग्ने खर्च सडक विभागले व्यहोर्नेछ ।

(५) उप–दफा (४) बमोजिम जारी भएको आदेशमा तोकिएको म्यादभित्र त्यस्तो आदेशमा लेखिएको काम कुरा गर्न नसक्ने भई म्याद बढाउन चाहने व्यक्तिले कारण समेत खोली सडक विभागमा निवेदन दिन सक्नेछ र त्यस्तोमा सडक विभागले एक पटकसम्म आवश्यक देखिए जति म्याद बढाई दिन सक्नेछ ।

(६) उप–दफा (४) बमोजिम तोकिएको म्याद वा उप–दफा (५) बमोजिम म्याद बढाइएकोमा त्यस्तो म्यादभित्र पनि आदेशमा लेखिएको कामकारवाई नगरेमा सडक विभागले आफ्नो कर्मचारी वा अन्य कुनै व्यक्ति खटाई त्यस्तो आदेशमा उल्लिखित काम-कारवाई गराउन सक्नेछ ।

४९०
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१९. स्वीकृति नलिई सार्वजनिक सडक वा सडक सीमामा कुनै किसिमको काम गर्न नहुने:– (१) सडक विभागको स्वीकृति प्राप्त नगरी कुनै कामको निमित्त पनि सार्वजनिक सडक वा सडक सीमाभित्र कसैले खाडल खन्न वा भत्काउन किला, लट्ठा, पोष्टर, तगारो, आदि गाड्न हाल्न वा घर वा टहरो वा छाप्रो बनाउन आवादी गर्न वा अन्य यस्तै कुनै कार्य गर्न हुँदैन ।

(२) सडक विभागको स्वीकृति प्राप्त नगरी कसैले उप–दफा (१) मा उल्लिखित कुनै कामकारवाई गरेको भए त्यस्तो कामकारवाई गर्ने व्यक्ति उपर यस ऐनको अन्य दफा बमोजिम कुनै कारवाई चलाउनु पर्ने भए सो समेत चलाई त्यसरी स्वीकृति नलिई खनेको खाडल पुर्न वा गाडेको वा उभ्याएको किला, लट्ठा, पोष्टर, तगारो, आदि उखेल्न हटाउन वा घर, टहरो वा छाप्रो बनाएको भए सो भत्काउन वा आवादी गरेकोमा बन्द्याउन मुनासिब माफिकको म्याद तोकी सडक विभागले सरोकारवाला व्यक्तिको नाउँमा आदेश जारी गर्न सक्नेछ ।

तर, त्यस्तो सडकमा हुने आवागमनलाई ध्यानमा राख्दा त्यसरी खनेको खाडल वा गाडेको वा उभ्याएको किला, लट्ठा, पोष्टर,तगारो आदि तुरुन्तै पुर्न वा उखेल्न वा हटाउन पर्ने भएमा जुनसुकै बखत त्यस्तो खाडल पुर्न वा किला, लट्ठा, पोष्टर, तगारो आदि उखेल्न वा हटाउने अधिकार सडक विभागलाई हुनेछ ।

(३) उप–दफा (२) बमोजिम जारी भएको आदेशको पालन नगरेमा सडक विभागले त्यस्तो सार्वजनिक सडकमा वा सडक सीमाभित्र खनेको खाडल पुर्न वा गाडेको वा उभ्याएको किला, लट्ठा, पोष्टर, तगारो, आदि उखेल्न वा हटाउन वा त्यसरी बनाएको घर, टहरो वा छाप्रो भत्काउन वा आवादी गरेकोमा बन्द्याउन सक्नेछ ।

२०. धरौटी दाखिल गराउने वा दस्तूर लिने अधिकार:– (१) कसैलाई कुनै कामको निमित्त सार्वजनिक सडक वा सडक सीमा खन्नु वा भत्काउनु परेमा सडक विभागको स्वीकृति लिनु पर्नेछ र त्यसरी स्वीकृतिको लागि माग गरेमा सडक विभागले आवश्यक जाँचबुझ गरी त्यसरी खनिने वा भत्काइने सार्वजनिक सडक वा सडक सीमालाई मरमत गरी पूर्वानुरूपमा कायम गर्न लाग्ने खर्चको रकम धरौटी लिई स्वीकृति प्रदान गर्न सक्नेछ ।

(२) उप–दफा (१) बमोजिम सार्वजनिक सडक वा सडक सीमा खन्न स्वीकृति दिंदा त्यस्तो सडक वा सडक सीमा खन्दा अपनाउनु पर्ने तरीका वा जुन कामको लागि खनिएको हो सो समाप्त नभएसम्म पालन गर्नु पर्ने अन्य शर्तहरू सडक विभागले तोक्न सक्नेछ र त्यस्तो शर्तहरू पालन गर्नेछु भनी स्वीकृतिको माग गर्ने व्यक्तिबाट कबुलियत गराउनु आवश्यक देखेमा सडक विभागले सो समेत गराई लिन सक्नेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२१. सडक विभागले खर्च भराउन सक्ने:– (१) दफा १८ को उप–दफा (२) बमोजिम सडकमा छाडेको वा राखेको माल पन्छाउँदा वा सोही दफाको उप–दफा (६) बमोजिम कुनै काम कारवाई गर्दा सडक विभागले गरेको खर्चको रकम सरोकारवाला व्यक्तिबाट भराई लिन सक्नेछ ।

(२) उप–दफा (१) बमोजिम भराई लिनु पर्ने रकम बुझाउन सडक विभागले सरोकारवाला व्यक्तिको नाउँमा बैंतीस दिनको म्याद तोकी म्याद जारी गर्नेछ र सो म्यादभित्र उक्त रकम पनि नबुझाएमा वा थप म्यादको लागि माग पनि नगरेमा सरकारी बाँकी सरह असूल उपर गर्ने तर्फ कारवाई चलाउनु पर्नेछ ।

(३) सार्वजनिक सडकको आवागमनमा बाधा पुर्‍याउने गरी छोडेको वा राखेको कुनै माल वस्तुलाई सडक विभागले आफ्नो नियन्त्रणमा लिएको भए त्यस्तो माल पन्छाउँदा वा अन्यत्र लैजाँदा सो विभागले व्यहोर्नु परेको खर्च उपर नहुन्जेल त्यस्तो माललाई रोक्का गरी राख्न सक्नेछ र एक वर्षसम्म पनि त्यस्तो खर्च उपर हुन नआएमा वा त्यस्तो माल वस्तुको मालिक पत्ता नलागेमा सो माल वस्तु श्री ५ को सरकारमा लाग्नेछ ।

## परिच्छेद–४
## विकास करसम्बन्धी व्यवस्था

२२. विकास कर असूल उपर गर्न सक्ने:– यो ऐन लागू भएपछि निर्माण भएको सडकको दायाँ बायाँ रहेको जग्गामा श्री ५ को सरकारले विकास कर एक पटक लगाई असूल उपर गर्न सक्नेछ ।

२३. विकास कर लाग्ने जग्गा र त्यसको खण्ड विभाजन:– (१) सार्वजनिक सडकको दुवै किनाराबाट दुई सय पचास मीटरसम्मको जग्गामा विकास कर लाग्नेछ ।

तर, घर, टहरा बनाउन वा परखाल लगाउन स्वीकृति नदिइएको सडक सीमाभित्रको जग्गा सो स्वीकृति नदिएसम्म विकास कर लाग्ने छैन ।

(२) विकास करको दर कायम गर्ने प्रयोजनको लागि उप–दफा (१) बमोजिमको जग्गालाई १२५ मीटरको खण्डहरूमा विभाजन गरी देहायबमोजिम वर्गीकरण गरिएको छ:–

(क) १२५ मीटरसम्मको जग्गा खण्ड 'क',

(ख) १२५ मीटरदेखि २५० मीटरसम्मको जग्गा खण्ड 'ख' ।

२४. विकास करको निर्धारण:– (१) दफा ५ बमोजिम जग्गा प्राप्त गर्दा जुन क्षेत्र वा इलाकामा त्यस्तो जग्गा जे जति मोल कायम भई मुआब्जा दिइएको हो, त्यस्तो क्षेत्र वा इलाकामा सोही मोलको देहायबमोजिमको प्रतिशतले हुने रकम विकासकर स्वरूप असूल उपर गरिनेछ:-

(क) खण्ड 'क' को जग्गामा २० प्रतिशत,

(ख) खण्ड 'ख' को जग्गामा १० प्रतिशत । ४९२

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

उदाहरणः– कुनै एक क्षेत्रमा जग्गा प्राप्त गर्दा एक रोपनी जग्गाको मोल रु. ५०००।– कायम भै मुआब्जा वितरण भएको रहेछ र त्यस्तो क्षेत्रमा विकास कर तिर्नु पर्ने कुनै व्यक्तिको जम्मा डेढ रोपनी जग्गामध्ये आधा रोपनी जग्गा खण्ड 'क' मा र एक रोपनी जग्गा खण्ड 'ख' मा परेको रहेछ भने निजले यस दफाबमोजिम तिर्नु पर्ने विकास करको रकम यसबमोजिम हुनेछः–

खण्ड 'क' मा परेको आधा रोपनी जग्गाको २० प्रतिशतले रु. ५००।–
खण्ड 'ख' मा परेको एक रोपनी जग्गाको १० प्रतिशतले रु. ५००।–
जम्मा रु. १०००।–

(२) उप–दफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि श्री ५ को सरकारले कुनै जग्गाको अधिस्थापनलाई ध्यानमा राखेर वा अरु कुनै कारणबाट त्यस्तो जग्गामा लाग्ने विकास करको दरलाई घटाउन वा विकास कर नलाग्ने गरी छुट दिन आवश्यक ठहराएमा नेपाल राजपत्रमा सूचना प्रकाशित गरी त्यस्तो विकास करको दर घटाउन वा छुट दिन सक्नेछ । त्यसरी विकास करको दर घटाउन वा छुट दिने सम्बन्धमा श्री ५ को सरकारले मुआब्जा निर्धारण समितिको सिफारिशलाई समेत ध्यान दिनेछ ।

२५. विकास कर बुझाउने अवधि र कार्यालयः– (१) यस ऐनबमोजिम बुझाउनु पर्ने विकास करलाई तोकिएबमोजिमको किस्ताबन्दीमा तोकिएको कार्यालयमा बुझाउनु पर्नेछ ।

तर, आफूले बुझाउनु पर्ने जति विकास करको पूरै रकम कसैले एक मुष्ठ बुझाउन चाहेमा यस दफाले बाधा पुऱ्याएको मानिने छैन ।

(२) विकास कर बुझाउने म्याद तथा सम्बन्धित अन्य कार्यविधि तोकिएबमोजिम हुनेछ ।

२६. विकास कर नबुझाएमा मालपोत बाँकी सरह असूल गरिनेः– (१) कसैले दफा २५ बमोजिमको म्यादभित्र विकास कर नबुझाएमा प्रचलित नेपाल कानूनबमोजिम मालपोत बाँकी राखे सरह कारवाई चलाई असूल उपर गरिनेछ ।

(२) उप–दफा (१) बमोजिम विकास कर बाँकी राखेकोमा कारवाई चलाउँदा सम्बन्धित जग्गा लीलाम गर्नु पर्ने भएमा प्रचलित नेपाल कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि त्यस्तो विकास कर लागेको जग्गालाई लीलाम बढाबढ गर्नु अघि श्री ५ को सरकार, निर्माण तथा यातायात मन्त्रालयको स्वीकृति लिई मात्र लीलाम गर्नु पर्छ ।

## परिच्छेद–५
## विविध

२७. क्षतिपूर्ति निर्धारण गर्ने अधिकारी र यस उपरको उजूरीः– (१) दफा ४ को उप–दफा (२) बमोजिम कुनै काम कारवाईको सिलसिलामा कुनै जग्गामा लागेको बाली वा त्यस्मा रहेको अरु कुनै चीज वस्तुको नोक्सानी भएमा स्थानीय अधिकारीले निर्धारण गरेबमोजिमको क्षतिपूर्ति दिइनेछ । [illegible] प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) दफा १७ को उप–दफा (१) वा दफा १८ को उप–दफा (४) बमोजिम दिइने क्षतिपूर्तिको रकम सडक विभागले निर्धारण गरेबमोजिम हुनेछ।

(३) उप–दफा (१) वा (२) बमोजिम निर्धारण भएको क्षतिपूर्तिमा चित्त नबुझ्ने व्यक्तिले त्यस्तो क्षतिपूर्ति पाउने सूचना प्राप्त गरेको वा प्रकाशित भएको मितिमा जुन पछि हुन्छ, त्यसको पैंतीस दिनभित्र श्री ५ को सरकार समक्ष उजूर गर्न सक्नेछ।

२८. उजूर परेको कारणले जग्गा प्राप्त गर्न वा अधिग्रहण गर्न बाधा नहुने:– दफा १३ वा दफा २७ को उप–दफा (३) बमोजिम मुआब्जा वा क्षतिपूर्तिको सम्बन्धमा वा जग्गाको तेरो मेरो परी कसैको उजूरी परेको कारणबाट यस ऐनबमोजिम कुनै कामको लागि जग्गा प्राप्त गर्न वा अधिग्रहण गर्न कुनै कुराले बाधा पुऱ्याएको मानिने छैन।

२९. सरकारी कार्यालयले सडक खन्नु परेमा सूचना दिनु पर्ने:– श्री ५ को सरकारको कुनै कार्यालयले कुनै कामको लागि सार्वजनिक सडक वा सडक सीमा खन्नु पर्दा सडक विभागलाई पूर्व सूचना दिई मात्र खन्नु पर्छ र त्यसरी सडक वा सडक सीमा खन्ने सम्बन्धमा सडक विभागले कुनै तरीका वा शर्त तोकेको भए सो समेत पालन गर्नु पर्नेछ।

३०. दण्ड सजाय:– (१) कसैले दफा ४ को उप–दफा (२) बमोजिम कुनै काम कारवाई गर्दा दफा ९ वा दफा १४ बमोजिम जग्गा कब्जामा लिंदा वा अधिग्रहण गर्दा वा यस ऐनबमोजिमको कुनै सूचना टाँस गर्दा बाधा विरोध वा हुलहुज्जत गरेमा तीन महीनासम्म कैद वा पाँच सय रूपैयाँसम्म जरिवाना वा दुबै सजाय हुनेछ।

(२) कसैले दफा १६ बमोजिम लगाएको रूख उखेलेमा वा काटेमा दफा १७ बमोजिम माटो, ढुङ्गा वा बालुवा लिंदा बाधा विरोध गरेमा वा दफा १८ को बर्खिलाप कुनै काम गरेमा पाँच सय रूपैयाँसम्म जरिवाना हुनेछ।

(३) कसैले दफा १९ को उप–दफा (१) बर्खिलाप कुनै काम गरेमा वा सोही दफाको उप–दफा (३) बमोजिम सडक विभागले कुनै काम कारवाई गर्दा बाधा विरोध गरेमा एक वर्षसम्म कैद वा एक हज्जार रूपैयाँसम्म जरिवाना वा दुबै सजाय हुनेछ।

३१. कारवाई गर्ने अधिकार र त्यस उपरको पुनरावेदन:– (१) देहायको कसूर गरेकोमा कारवाई गरी सजायको आदेश दिने अधिकार देहायको कार्यालय वा अधिकारीलाई हुनेछ:–

(क) दफा १४ को प्रयोजनको लागि जग्गा अधिग्रहण गर्दा बाधा विरोध गरेको, दफा १६ बमोजिम लगाएको रूख काटेको वा उखेलेको, दफा १७ बमोजिम माटो, ढुङ्गा वा बालुवा लिंदा बाधा विरोध गरेको, दफा १८ को बर्खिलाप सार्वजनिक सडकको आवागमनमा बाधा पुऱ्याउने गरी कुनै माल वस्तु राखेको, फालेको, जडेको, बनाएको, झुण्डाएको, र दफा १९ को बर्खिलाप सार्वजनिक सडक वा सडक सीमामा कुनै काम कारवाई गरेको कसूरमा सडक विभाग र

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) दफा ४ को उप-दफा (२) को प्रयोजनको लागि सर्भे गर्दा वा दफा ९ बमोजिम जग्गा कब्जामा लिंदा वा कुनै सूचना टाँस गर्दा बाधा विरोध गरेको कसूरमा स्थानीय अधिकारी ।

तर, यस उप-दफा अन्तर्गत सजाय हुने कसूर कुनै संगठित संस्थानबाट भएकोमा त्यस्तो कसूर आफ्नो जानकारी बेगर भएको हो भन्ने कुरा प्रमाणित गर्न सकेमा बाहेक त्यस्तो कसूर बापतको सजाय सम्बन्धित संस्थाको कामकारबाई उपर अन्तिम नियन्त्रण राख्ने व्यक्तिलाई हुनेछ ।

(२) उप-दफा (१) बमोजिम कसूर गर्ने व्यक्ति उपर कारबाई गर्दा सडक विभाग वा स्थानीय अधिकारीले प्रचलित नेपाल कानूनबमोजिम जिल्ला अदालतलाई भए सरहको अधिकार प्रयोग गर्न सक्नेछ ।

(३) उप-दफा (१) बमोजिम सडक विभाग वा स्थानीय अधिकारीले सजाय गर्ने गरी गरेको आदेशबाट मर्का पर्ने व्यक्तिले पैंतीस दिनभित्र अञ्चल अदालतमा पुनरावेदन दिन सक्नेछ ।

३२. अधिकार प्रत्यायोजनः– यस ऐनबमोजिम सडक विभागलाई प्राप्त अधिकारमध्ये सबै वा कुनै अधिकार श्री ५ को सरकारले कुनै अधिकारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

३३. नियम बनाउने अधिकारः– (१) यस ऐनको उद्देश्य कार्यान्वित गर्न श्री ५ को सरकारले नियम बनाउन सक्नेछ ।

(२) उप-दफा (१) ले दिएको अधिकारको सर्वसामान्यतामा कुनै प्रतिकूल प्रभाव नपारी सो नियमद्वारा खास गरी देहायका कुराको व्यवस्था गर्न सकिनेछः–

(क) प्राप्त गरिने जग्गाको सम्बन्धमा सर्भे गर्दा अपनाउने कार्यविधि,

(ख) जग्गा वा घरको मुआब्जा निर्धारण गर्दा अपनाइने आधार,

(ग) बालीनाली, रूखपात तथा अन्य चीज वस्तुको नोक्सानी बापत क्षतिपूर्ति निर्धारण गर्ने आधार,

(घ) मुआब्जा निर्धारण समिति वा उपसमितिले गर्न सक्ने कामकारवाई र त्यसको सिलसिलामा अपनाउने कार्यविधि,

(ङ) सार्वजनिक सडकपट्टि खुल्ने वा निस्कने गरी कुनै कुराको निर्माण गर्दा वा राख्दा पालन गर्नु पर्ने शर्तहरू,

(च) सार्वजनिक सडकको दायाँ बायाँ कुनै ढोका वा बाटो बनाउँदा पालन गर्नु पर्ने शर्त,

(छ) सडक सीमा वा त्यसको किनारामा बनाइने वा खडा गरिने कुनै किसिमका घर, पर्खाल, हल, बाटो, खम्बा, लट्ठा आदि बनाउँदा वा खडा गर्दा पालन गर्नु पर्ने कुराहरू,

५९८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ज) सार्वजनिक सडक वा सडक सीमाको माथि वा किनारामा राखिने तार वा अन्य यस्तै चीज वस्तुको उचाई र राख्ने तरीका तोक्ने,

(झ) सार्वजनिक सडकमा वा सडक सीमाबाट जाने गरी कुनै ढल बनाउँदा वा पाइप वा तार बिच्छाउँदा अपनाउनु पर्ने कार्यविधि,

(ञ) आवागमनमा बाधा-हुने किसिमले सार्वजनिक सडकमा कुनै कार्य गर्ने व्यक्तिको कर्तव्य र निजले पालन गर्नु पर्ने अन्य शर्त।

३४. खारेजी र त्यसको परिणामः– (१) राजमार्ग (निर्माण व्यवस्था) ऐन, २०२१ र सो ऐन अन्तर्गत बनेको नियम खारेज गरिएको छ।

(२) यो ऐन लागू हुँदाको बखत राजमार्ग (निर्माण व्यवस्था) ऐन, २०२१ अन्तर्गत प्राप्त गरेको कुनै जग्गाको क्षतिपूर्ति दिन बाँकी नै रहेको भए सोही ऐनबमोजिम क्षतिपूर्ति दिइनेछ।

लालमोहर सदर मितिः– २०३१।६।२०।१

आज्ञाले–
त्रिभुवनप्रताप राणा
श्री ५ को सरकारको निमित्त सचिव

४९५

श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिए पछि मात्र लागु हुनेछ।
मुद्रण विभाग